Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १९, अंक- ९, २०८३ साल असोज ६ गते मंगलबार (22 September, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

# प्रधानमन्त्री आज महासभामा जादै, संयुक्त फोटो सेशनमा भाग नलिने संकेत

■ मोहन कार्की



नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (वालेन) संयुक्त राष्ट्रसंघले आयोजना गर्न लागेको महासभामा भाग लिन आज त्यसतर्फ प्रस्थान गर्दैछन् । नेपाल सरकारको नेतृत्व गरेको छ महिनापछि देशको कार्यकारी प्रमुखको हैशियसतमा पहिलो पटक राजकीय अन्तराष्ट्रिय भ्रमण गर्न लागेका हुन् । प्रधानमन्त्री भए लगतै भारत भ्रमणको निम्ता पाएपनि फोटो खिच्न र टाईम पास गर्नका लागि नभई नेपाल-भारत बीचमा रहेको समस्या सावधान गर्न परिणाममुखी काम हुने भएमात्र भ्रमणको सार्थकता हुने भनेर सञ्चारमाध्यममा समाचार आएको हुनाले रास्वपा पार्टीमा स्टन्ड वा ड्रामा गर्नेहरुको पार्टी भनेर आरोप लाग्दै आएको चलनलाई प्रधानमन्त्री बालेन्द्र शाहले काम गर्ने रिजल्टमा विश्वास गर्नेहरुको पार्टी रास्वपा भनेर प्रमाणित गरिदिएका थिए । त्यसपछि कुटनीतिक रुपमा पार्टी सभापति रवि लामिछाने भारत भ्रमणम गएर छिमेकी राष्ट्रसँग कुटनैतिक समस्या आउन नदिन सकारात्मक भूमिका निर्वाह गरेका थिए । त्यसको लगतै नेपालमा भोटेकोशीमा आएको बाढी, पैरो लगायतका समस्यासँग जुद्धन परेको नेपालले यहि गएको विहिवार डा. अर्थमन्त्री स्वर्णिम वाग्ले भारतको निमन्त्रणमा नेपालको अर्थमन्त्रीको नेतृत्व गर्दै राजकीय भ्रमण सकेर आइतवार अर्थात भदौ ४ गते नेपाल फर्केका छन् ।

सरकारको नेतृत्व गरेको ६ महिनमा सरकारले १३ वटा देशमा कुटनैतिक रुपमा राजदुतहरुको लागि परिक्षा नै लिएर योग्ताको आधारमा नियुक्त गरी सकारात्मक सन्देश दिएको छ । यसरी नेपालमा देखिएका विगतका सरकारमा रहेका पार्टीहरुले पार्टीमुखी तरिकाले आफुखुशी मनोमानी ढंगवाट कुटनैतिक राजदुत नियुक्त गर्ने चलनलाई अन्त्य गरिदिएको छ । नेपालमा थुप्रै खालका ऐन, नियमहरु देश र जनताको हितमा नभएका बाधाहरुलाई फुकाउन अध्यादेश ल्याएर भएपनि देशको विकास निर्माण नागरिकको सेवा छिटो छरितो तरिकाले गर्दै आएको सरकारले छोटो समयमा सकारात्मक संकेतहरु गरेको छ । अनुभवमा कमी भएपनि नियतमा सफा भएको तरिकाले काम अगाडी बढाएका प्रधानमन्त्री यो भन्दा अगाडी काठमाडौं महानगरपालिकाको मेयर पदमा स्वतन्त्रवाट निर्वाचित भई महानगरपालिकामा गरेको उत्कृष्ट कार्यसम्पादन पछि नेपालीहरुको आस्था, भरोसा र विश्वास अधिक भएर लोकप्रीयता कमाएका थिए । त्यसपछि नेपालीरुको धेरैजति समर्थनमा रास्वपा पार्टीवाट झापा २०८२

»बाकी ६ पृष्ठमा

# अर्थमन्त्री वाग्ले तीनदिने भारत भ्रमण सकेर स्वदेश फिर्ता



काठमाडौँ । अर्थमन्त्री डा. स्वर्णिम वाग्ले तीनदिने भारत भ्रमण सकेर स्वदेश फर्केका छन् । भारत सरकारको निमन्त्रणामा बिहीबार छ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै तीनदिने औपचारिक भ्रमणका लागि नयाँ दिल्ली प्रस्थान गरेका थिए । भारतका प्रभावशाली मन्त्रीस्तरीय दुई भेटवार्ता, एक कूटनीतिक, एक सामाजिक, एक आर्थिक (व्यावसायिक र एक प्राज्ञिक मञ्चमा प्रमुख अतिथिका रूपमा सहभागी भएर अर्थमन्त्री वाग्ले आईतबार स्वेशश फर्केका हुन् ।

भ्रमणका क्रममा रसुवामा गएको भोटेकोशी बाढीपछिको उद्धार र राहतमा भारत सरकारले पुऱ्याएको सहयोगप्रति सरकारका तर्फबाट भारत सरकारलाई धन्यवाद ज्ञापन गरिएको साथै, बाढीपछिको पुनर्निर्माणमा भारतसँग थप सहयोग र सहकार्यको प्रस्ताव गरिएको र दुई देशबीचको राजनीतिक, आर्थिक तथा कूटनीतिक सहकार्यलाई नयाँ ढङ्गबाट अघि बढाउने विषयमा पनि भेटघाट फलदायी भएको बिहीबार भारतीय समकक्षी निर्मला सीतारमणसँग भेटवार्ता भएको । भेटमा नेपाल (भारत आर्थिक सहकार्यका आयामहरूप्रति मन्थन भएको, शुक्रबार पूर्वविदेशसचिव श्याम शरणले आयोजना गरिएको उच्चस्तरीय कूटनीतिक संवाद कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी भएको ।

त्यसै दिन नेपालका अर्थमन्त्रीले भारतीय विदेशमन्त्री डा. एस. जयशंकरसँग

»बाकी ६ पृष्ठमा

# एमाले कार्यदलको निष्कर्ष : ओलीको राजीनामा माग्ने विषय प्रतिवेदनमा नराखिने



काठमाडौं । नेकपा एमालेका सचिव महेश बस्नेतले निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलले अध्यक्ष केपी शर्मा ओलीको राजीनामा नमाग्ने सहमति गरेको बताएका छन् ।

आइतबार कार्यदलको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै बस्नेतले कार्यदलले तयार पार्ने एकीकृत प्रतिवेदनमा ओलीलाई नेतृत्वबाट हटाउने वा उनको राजीनामा माग्ने विषय समावेश नगर्ने सहमति भएको बताए ।

उनका अनुसार कार्यदलमा विभिन्न सदस्यबाट पेस भएका मस्यौदा प्रस्तावलाई समेटेर एकीकृत प्रतिवेदन तयार गर्ने जिम्मेवारी तीन जना नेतालाई दिइएको छ ।

बस्नेतले प्रतिवेदनमा अध्यक्ष ओलीको राजीनामा माग्ने, उनलाई नेतृत्वबाट हटाउने वा अध्यक्षको आलोचना गर्ने विषय नराख्ने सहमति भएको दाबी गरे ।

उनले पार्टीभित्र देखिएको मतभेद र विभाजनको सम्भावनालाई ध्यानमा राख्दै एकता कायम गरेर अघि बढ्ने विषयलाई प्राथमिकता दिइएको बताए ।

'पार्टी फुटोस् भनेर कतिपय सदस्यले चाहेको परिस्थिति पनि छ । यी तमाम परिस्थितिलाई ध्यान दिएर कार्यदलको बैठकपछि तीन जना नेताहरूलाई आएका सबै मस्यौदा प्रस्ताव समेटेर एकीकृत प्रतिवेदन ल्याउने जिम्मेवारी दिएका थियौं,' बस्नेतले भने ।

कार्यदलले विभिन्न सदस्यबाट प्राप्त सुझाव तथा प्रस्तावलाई समेटेर एकीकृत प्रतिवेदन तयार गरी पार्टीमा पेस गर्ने तयारी गरेको छ ।

# बाढीमा मृत्यु हुनेको संख्या १ हजार ४११ पुग्यो, ५ हजार ८७५ अझै बेपत्ता



काठमाडौं । रसुवासहित विभिन्न जिल्लामा आएको विनाशकारी बाढीका कारण हालसम्म १ हजार ४११ जनाको मृत्यु भएको पुष्टि भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शनिबार साँझ ७ बजेसम्मको अद्यावधिक विवरण सार्वजनिक गर्दै बाढीबाट भएको मानवीय क्षति तथा उद्धारको तथ्यांक सार्वजनिक गरेको हो ।

प्राधिकरणका अनुसार फेला परेका मृतकमध्ये ५४९ पुरुष, ३३६ महिला र ५२६ वटा आंशिक मानव अंग रहेका छन् । बाढीमा परी अझै ५ हजार ८७५ जना बेपत्ता रहेको प्राधिकरणले जनाएको छ ।

संकलित विवरणअनुसार सबैभन्दा धेरै चितवनमा ३६४ जनाको मृत्यु भएको



...मान्छे कसैले पनि कर्म लियर आएका हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### पत्रपत्रिकाको लागि सरकारले गरेको निर्णयहरू फिर्ता हुनुपर्छ ।

यतिवेला सरकारले पत्रपत्रिका अर्थात प्रीन्ट छापा माध्यमका सञ्चारमाध्यमलाई दिइदै आएको रकममा केही हेरफेर गरेको छ । यो हेरफेरवाट विगतमा थोरै भएपनि सरकारले प्रोत्साहन स्वरुप दिइदै आएको रकमवाट सञ्चारमाध्महरु उत्साहित हुने गर्दथे । यो हेरफेर पछि आम सञ्चारमाध्यमहरु आन्दोलित भएका छन् । आन्दोलनको रुपले विस्तारै आकार बढाउन थालेको देखिन्छ । सरकार भनेको अभिभावक हो । अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गरेर समयमानै सावधान खोजिनुपर्छ ।

सञ्चार माध्यमहरु भनेका नागरिकहरुका विश्वास जितेको नागरिकहरुसँग सम्बन्ध रहेको हुन्छ। आकारमा चर्चामा सानो–ठूलो हुन सक्छन् तर विश्वसनीयतामा कहिल्यै पछाडी हुदैनन् । त्यसैले नै सञ्चारमाध्यमले बनाएका समाचार, भिडियो, अडियो हेरेर आम मानिसले विश्वास गर्ने गर्दछन् । यतिवेला सामाजिक सञ्जालमा आएको बाढीमा सकारात्मक भन्दा नकरात्मक प्रबृतिहरु बढेको विषयलाई लिएर वा अन्य इन्टरनेटको माध्यममा आएका विषयवस्तुहरुलाई मात्रै हेरेर धाराणा बनाउदा त्यो निकट भविष्यमा विश्वनीय हुदैन । उदाहरणमा लिन सकिन्छ हिजो भरखरै आएको इन्टरनेटको समाचार भोलिपल्ट नहुन पनि सक्छ। टेक्नोलोजी अर्थात विज्ञान प्रविधिको सदुपयोग गर्न सकिन्छ । तर दुरुपयोग गर्नेहरु पनि हुन्छन् । कुनैवेला ईन्टरनेटको माध्यमवाट वा सामाजिक सञ्जालवाट प्रवाह गरिएको समाचार सुचना स्वयम प्रवाह गर्ने संस्था, व्याक्तिले हटाउन चाहेमा सक्छ । वा प्रविधिको पहुच एकै किसिमको रहिरहन सक्दैन। कुनै त्यो पविधिको प्रणाली विकास गर्नेभन्दा अरु एडभान्स अर्थात अर्को बिकल्प सहितको विकसीत निर्माण गर्न सक्ने क्षमताका इन्जिनियरले दुरुपयोग गर्न चाहेको खण्डमा ह्याकार अर्थात ब्लक गरेर समाजलाई दिन खोजिएको सकारात्क विषय नकरात्मक बनाएर पनि जान सक्छ । यस्ता धेरै खालका समस्या इन्टरनेटको माध्यमका समाचारमा आउँछन् ।

त्यसकारण सवैभन्दा भरपर्दो विश्वसनीयता अभिलेख काम लाग्ने र सत्य तथ्यमा आधारित पत्रपत्रिका जो तथ्यमा आधारित संख्यामा पुष्ट भएका पत्रपत्रिकाले प्रकाशित गरेका समाचार, अन्य अभिलेखहरु छापामाध्यमवाट छापि सकेपछि कसैले पनि मेट्न सक्दैन । त्यसैले छापामाध्यमलाई सुनौलो भविष्यको अक्षर भनेर पनि भन्न सकिन्छ । यस्तो महत्व बोकेको छापा माध्यम त्यसमाथि पनि बौद्धिक क्षेत्रका अनुभवले खारिएका स्वदेशी उत्पादनमा बढी जोड दिने, स्वनिर्भर, स्वाभिमानी नागरिकहरुले सञ्चालन गरेका समाजप्रति जवाफदेही, उत्तरदायी भूमिका निर्वाह गर्दै आएका छापा सञ्चारमाध्यममा सरकारले दिदै आएको सुविधाको हेरफेर पुनः सच्याएर सञ्चारमाध्य र सरकार बीचको बढ्दै गएको दुरी र आक्रोशलाइ सावधान तर्फ लैजान ढिलो गर्नुहुदैन । यस तर्फ सम्बन्धित निकायको ध्यान पुगोस् ।

# विश्व शान्ति दिवस सेप्टेम्बर २१ : खोइ त शान्ति ?



■ अच्युतप्रसाद पौडेल "चिन्तन"

> शान्तिको पहिलो सर्त समृद्धि हो । यहाँ समृद्धि त कता हो, बरु बढी तिरेर भए पनि एक सिलिन्डर ग्यास कसरी लिने, शुद्ध खानेपानी कसरी पाउने, स्कूलमा तिर्नुपर्ने मासिक बिल कसरी कम गर्ने, चाडपर्वमा भन्दा पनि दैनिक खाद्यान्नको कसरी जोहो गर्ने ? यावत् कुराको त्रासले शान्तिको चाहना केवल नारा मात्रै भएको छ ।

विश्व शान्ति दिवस मनाइरहँदा न हाम्रो देशमा शान्ति छ, न अन्यत्र । हामीले त मानवोचित धर्म निर्वाह गर्ने वेदलाई नै भुलिसकेका छौँ, हाम्रो शान्तिको नारा खोक्रो भइरहेको छ, र त शासन परिवर्तनका नाममा कहिले देश जलाउने, कहिले जनता जलाउने त कहिले पूर्वाधारहरु जलाउने कर्म गर्दै छौँ । सेप्टेम्बर २१ हिजो पनि आयो र आजभोलि पनि आउँदै छ, विश्वको शान्ति चाहना भने गोहीको आँसुजस्तै भएको छ । युक्रेन-रसिया युद्ध नटुंगिँदै हमास, इजरायल र यहीँ पनि संविधानका नाममा वा सत्ता परिवर्तनका नाममा घमासान चलेकै छ । अब त होला शान्ति भनेको, भएको छैन । पछिल्ला दिनहरुले मनमा अशान्ति थपेको छ, रसुवाको बाढी वितण्डाले भत्किएको मनमा मलहम लगाउनेको कमी भइरहेको छ, संविधान दिवस असौज ३ मा जसरी रौनक देखिएन, तीज विशेषमा पनि कुनै रौनक छैन । शान्ति स्थापनार्थ तय भएको दोस्रो महायुद्धपछिको संयुक्त राष्ट संघ आफैँ थला परेको महसुस गर्दै छ । ठूलाले जे गरेका छन्, त्यसैमा ताली बजाउँदै छ । महायुद्ध मात्रै होइन, संसारमै जलवायुको संकट समाधानको उपाय निकाल्न सकेको छैन ।

देशभित्रको रडाको उस्तै छ । सत्ता परिवर्तन भयो, नेतृत्व पनि परिवर्तन भयो तर संस्कार परिवर्तन भएन । जनआक्रोश चुलिँदै छ । भान्छामा ग्यास छैन, हिँड्ने बाटो छैन, खाने खाद्यान्न छैन, आय आर्जन गर्ने रोजगारी छैन, पर्याप्त सामान बजारमा छैनन्, किनेर खान्छु भन्दा बस्तु पाइन्न । त्यस्तै शिक्षा र स्वास्थ्यमा सरकारले बोलेको कुरो लागू भएको छैन । संविधानले सबै कुरो दिन्छ भनियो, झुट बोलियो, यसले केही पनि दिएन, दिइएका मौलिक हक नै पूरा गर्न सकेन ।

विकास र समृद्धिको पहिलो सर्त शान्ति र सुव्यवस्था नै सञ्चालित भएन । सुसंस्कार र सुशासनका नारा बेकार भए, भ्रष्टाचार मौलायो र यत्रतत्र असन्तोषको बाढी आइरहेको छ । बेरुजु बढ्यो, बिचौलिया बढे, कर बढ्यो, वस्तुको आयात घटेन । सुशासन दिने प्रशासन संयन्त्र आफैँ कोमामा गयो । स्थायी सरकार सञ्चालन गर्ने निजामती सेवा ऐन आएन । विश्वका अशान्तिका हर घटनाले आम नेपाली त्रस्त रहे । दुई छिमेकीले उद्योग र लगानी विस्तार, जनसंख्याको लाभ, तिनले औद्योगिकीकरणमा देखाएको अभूतपूर्व विकासको प्रभाव भने यहाँ परेन । मानवीय विकासको बाटोमा हामीभन्दा पछि जन्मने राष्ट्रहरुले विकासको चरम चुली चुम्दै गर्दा हामीलाई खाना, नाना, छानाको समस्याले सताइरहेको छ । एकदिन पानी पऱ्यो भने भोलिपल्ट तमाम संरचनाहरु ध्वस्त हुने गरेका छन् । बाटोघाटो जलाशयमा परिणत हुने गरेका छन् । अनायासै देखा परेको रसुवागढीको विपत्तिले देश र देशवासीको सातो लगेको छ । मनमा शान्ति र तनमा कान्ति भेटिएको छैन । चाडपर्वहरुले रौनकता दिन सकेका छैनन् । मन उजाड छ । मुटुमा ढुंगा राखी शान्तिको बत्ती बाल्ने प्रयत्न गरिएको छ । शान्तिको पूर्वसर्त खाना, नाना र छानाको सुनिश्चितता, रोजगारी र पर्याप्त आयआर्जन हो । तर ग्यासकै अभाव छ अहिले, भान्छामा आँसुको इन्धन जलाएर भोको बस्नुपरेको छ । यसैमा बिचौलियाहरुले मूल्य धेरै लिइरहेका छन् । थाहा होला भनेर सचेत नागरिकलाई त त्यो पनि दिन मानेका छैनन् ।

उपभोक्ता हकहित र त्यसमा वकालत गर्ने संविधान र अदालतहरु नै बेसहारा बनेका छन् । एक अभिभावकको आम्दानीले घरखर्च त के, एक बच्चाको स्कूल तिरोभरो नै पुग्दैन । स्कूलमा विद्या होइन, बस्तु बिक्री भइराखेको छ । यता देशमा जनसंख्या वृद्धि माइनसतिर जान लागेको छ । अर्बौं रकम खर्चिए पनि साक्षरता प्रतिशत बढेको छैन । शिक्षा दिवस नै मनाउन नसकिने कहाली लाग्दो अवस्था देशमा विद्यमान छ । बँकहरुमा व्याज छैन, लगानी छैन, भएको लगानी डुबेको छ । सहकारी समस्या घटेको छैन । उखर्माउलो नारा लिएर आएको परिवर्तित सरकारको जनविश्वासमा तुषारो छाएको छ । जुन जोगी आए पनि कान चिरिएका भनेजस्तो भएको छ । शिक्षा र स्वास्थ्यमा कर लगाउने सरकारले बिमा सुविधा कटौती गरेको छ । वृद्ध भत्ता अनलाइन नवीकरण भनियो, दुई महिना व्यतीत भयो, सफ्टवेयरले काम गरेको छैन । बेसहारा वृद्धहरुको भत्ता नवीकरण हुन सकेको छैन । रासायनिक मल कारखाना खोल्ने भनियो, चिनीको समस्या, दूधको भुक्तानी, कृषि बिमाको समस्या नसल्टिाँदै रसुवामा बाढी पसेकोले देश थप आक्रान्त बनेको छ । रास्वपा सरकारको परीक्षा हुँदै छ । अर्का राजनीतिक पक्षले खोइरो खन्न थालेका छन् । आम जनमानसमा पनि कुनै उत्साह छैन ।

शान्तिको पहिलो सर्त समृद्धि हो । यहाँ समृद्धि त कता हो, बरु बढी तिरेर भए पनि एक सिलिन्डर ग्यास कसरी लिने, शुद्ध खानेपानी कसरी पाउने, स्कूलमा तिर्नुपर्ने मासिक बिल कसरी कम गर्ने, चाडपर्वमा भन्दा पनि दैनिक खाद्यान्नको कसरी जोहो गर्ने ? यावत् कुराको त्रासले शान्तिको चाहना केवल नारा मात्रै भएको छ ।

शान्तिको पहिलो सर्त समृद्धि हो । यहाँ समृद्धि त कता हो, बरु बढी तिरेर भए पनि एक सिलिन्डर ग्यास कसरी लिने, शुद्ध खानेपानी कसरी पाउने, स्कूलमा तिर्नुपर्ने मासिक बिल कसरी कम गर्ने, चाडपर्वमा भन्दा पनि दैनिक खाद्यान्नको कसरी जोहो गर्ने ? यावत् कुराको त्रासले शान्तिको चाहना केवल नारा मात्रै भएको छ । खर्बौं रकम खर्चिएर बनेको संविधानले शान्ति दिन सकेको छैन, देओस् पनि कसरी ? जुन गर्भबाट यो जन्मियो, त्यसको गर्भ नै अशान्तिको थियो । बीउ रोप्दा नै होसियारी नगर्ने हामीलाई आफैँले धिक्कार भन्नुबाहेक के छ समाधान ? जलेका संरचना तयारीका लागि तिर्नुपर्ने कर पनि त हामीले नै बुझाउनुपर्ने हो कि अनेक थरीका नाममा । जनताभन्दा बढी सरकार छन् यहाँ । तिनको हुर्काइ, बढाइ, लालनपालन गर्नैं परेको छ । जनताले ओखतीमूलो गर्न नसके पनि राज्यको ढुकुटी यिनै नेताहरुलाई बुझाउनै परेको छ । हिजो पञ्चहरुले कुनै सुविधा लिएनन् ।

अहिलेका राजा, नवराजाहरुले कति थरी सुविधा भोगिरहेका छन् । प्राडो, पजेरो, आवास, इन्धन, भान्छेदेखि राणाकालका शासकझैँ सुविधा असुलिरहेका छन् । मरणोपरान्त संस्था खोलेर त्यसको सावाँब्याज असुलिरहेका छन् । सुशासन दिएर भ्रष्टहरुलाई ठेगान लाउने भन्दै चिच्याउँदै आएको सरकार पुच्छर लुकाएर बसिरहेको छ । सबैले आफ्नो फणा उठाइरहेका छन् र मौका मिल्नासाथ रास्वपालाई पाखा लाउन उद्यत् छन् । रास्वपा सरकारको कामले पनि दिनानुदिन जनताको मनोबल गिर्दै छ । बिजुलीको झ्याटदेखि अरु सबै कामहरुबाट वाकदिक भएका छन् उपभोक्ताहरु । प्रशासनयन्त्र छिन्नभिन्न भएको छ, समन्वयको अभाव छ । ईर्ष्या बढेको छ, कर्मचारी खटनपटनमै सरकालाई टाउको दुखेको छ । मन्त्रालयहरु घटे पनि स्वकीय सचिवदेखि सल्लाहकारहरुको भीड बढेको छ । जताततै कुण्ठा र बेचैनीका बीच नेपालीहरु बाँच्न बाध्य भएका छन् ।

'नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ', यो पूर्वीय दर्शनको मूल मान्यता हो । नेपाल पूर्वीय धर्मशास्त्रको जननी देश हो- शिव, जनक र बुद्धको देश । संसारलाई सदाचार, नीति, दर्शन, योग र ध्यान सिकाउने देश पनि । नेतृत्वलगायत समाजमा हुनुपर्ने प्रमुख गुण भनेकै नीति, नैतिकता, सदाचार र इमानदारिता हो । यसैबाट सामाजिक, आर्थिक, राजनीतिक जीवन शुद्ध हुन्छ । असल समाज निर्माणमा सबै व्यक्ति, समूह, समाज सदाचारी हुनुपर्ने हो तर भएको छैन, र त अशान्ति छ यत्रतत्र । आज सन्त्रासै सन्त्रास छ- ध्वनि र वायु प्रदूषणले पनि । अन्तष्करणमा पाइने खुशी बजारमा हाँसिरहेछ । संसारमा महान् अध्येता महापुरुषहरु विज्ञानबाट थाकेर आध्यात्मिक खोजतर्फ अग्रसर हुन थालेका छन् र भन्छन्- अन्तष्करणमा खुशी छ, शान्ति आफैँभित्र छ, मृगतृष्णाले बाहिर भौँतारिएर हुन्न । तर असल संस्कार आज हराइरहेको छ । विकासको नाममा विनाश हुन थालेको छ । जीवनको सारतत्व मान्छेले बिर्सियो । केवल धन, पद, प्रतिष्ठामा लहसियो । सेवाको नाममा व्यापार भयो, आजको समाजले हरेक विषयमा व्यापारलाई बहादुरी सम्झेको छ । बलको तुजुक, चरम लापरबाही, ओठेभक्ति, जताततै सन्नाटा, आजको राज्य नेतृत्वले लिएको सुशासन र विश्व शान्ति गोहीको आँसुजस्तो छ । हामीले विश्वास गरेका संवाहकहरुबाट हामीलाई प्राप्त उपहार यही हो । गाउँ-बस्तीमा डोजर दौडाएर, भए/नभएको पैसा रोपेर बाढी-पहिरोको समस्या थपिएको छ । डाँडा, पखेरीहरुमा डोजरहरु गुडे, गाउँका मान्छे खाडी भास्सिए । अन्नपातमा कमी भयो, प्रकृति दोहन अति भयो, प्रकृतिले उल्टो झापड हान्न थाल्यो र हामी रोइरहेका छौँ । यो रुने क्रम रसुवा बाढीमा मात्रै सीमित नहोला, अर्को उन्मादको तयारीमा पनि बस्नुपर्छ होला । अब हामीलाई शान्ति कहिले हुने ?

# बृहत राष्ट्रिय एकता आजको आवश्यकता हो। अध्यक्ष : कार्की



*जनआकाश मिडियाले बिभिन्न व्याक्तित्वहरुसँग संवाद गर्दै आएको छ। यस अंकमा पूर्व प्रध्यापक, समाजसेवी तथा नागरिक सरोकार समूहका अध्यक्ष बल्लभ कार्कीसँग प्रधान सम्पादक मोहक कार्कीले गर्नुभएको कुराकानी।*

***अहिले नागरिक सरोकार समूहको केन्द्रीय अध्यक्षका रूपमा नागरिकसँग सम्बन्धित विभिन्न विषय उठाउँदै आउनुभएको छ। कहिले खाद्यान्न अभावका कुरा हुन्छन्, कहिले महँगीका कुरा हुन्छन् । अहिले नागरिकहरूले भोगिरहेका समस्या तथा पाइरहेका सुविधाका विषयमा तपाईंको भनाइ के छ ?***

नागरिकहरूको समस्यामा जानुभन्दा पहिले राज्य भनेको के हो भन्ने कुरा बुझ्नुपर्छ । पहिला राज्यको परिभाषा हुनुपर्‍यो । हाम्रो अनुभव र अध्ययनमा राज्य भनेको भूगोल र नागरिकको संयुक्त परिचय हो ।

राज्यले भूगोल र नागरिकलाई सुरक्षा र रक्षा गर्न सक्नुपर्छ। त्यसका लागि एउटा निश्चित मूल कानुन, जसलाई संविधान भनिन्छ, राज्यले दिन सक्नुपर्छ । त्यो संविधान सर्वस्वीकार्य पनि हुनुपर्छ ।

तर अहिलेको संविधानलाई नागरिकको तर्फबाट हेर्दा यो कुनै राजनीतिक अतिवादतर्फ गएर राजनीतिक अतिवादको सुरक्षाको कवच मात्रै बनेको हो कि भन्ने प्रश्न उठिरहेको छ। किनभने नागरिकका तमाम समस्याहरू राजनीतिमा गएर केन्द्रित हुन्छन्, उत्पादकत्वमा केन्द्रित हुँदैनन् । अर्थ-राजनीतिसँग जोडिँदैनन् । समाज निर्माण, विकास र समृद्धितर्फ केन्द्रित हुँदैनन् ।

अब समस्या कहाँबाट सुरु भयो त ? भन्दा यो गणतन्त्रात्मक संविधानले लोकतन्त्र र प्रजातन्त्रलाई भुलेको जस्तो देखिन्छ। प्रजातन्त्र र लोकतन्त्र भुलेको गणतन्त्र कस्तो हुन्छ भने त्यो कविला तन्त्रको विकसित रूप हुन्छ । निश्चित वर्ग, समूह र त्यहाँका सरदारहरूको हित तथा उनीहरूको कविलाको संरक्षणमा मात्र केन्द्रित भएजस्तो हाम्रो अनुभव भइरहेको छ ।

यसलाई ग्यासको समस्या, कृषकले मल नपाउने समस्या, नागरिकको स्वास्थ्य उपचारको समस्या लगायतका विषयबाट हेर्न सकिन्छ । यसको अर्थ नागरिकले पाउनुपर्ने अधिकार र यो व्यवस्थाले नागरिक तथा राज्यलाई सुरक्षा गर्न सकेको छैन कि भन्ने प्रश्न नागरिकहरूमा छ ।

***तपाईंले नागरिकका प्रश्नसँगै संविधान र व्यवस्थाको कुरा पनि जोड्नुभयो । हामीले सात पटक संविधान फेरिसकेका छौँ। अरू संविधानले चाहिँ के रक्षा गरेका थिए त भन्ने प्रश्न पनि आउला । तपाईं अध्यापन क्षेत्रमा लामो समय रहनुभएको व्यक्ति हुनुहुन्छ। धेरै संविधान र व्यवस्था देख्नुभएको छ । तपाईंले भनेको कुरा सही हो भने संविधानहरू पटक-पटक बन्नुको कारण के हो ?***

तपाईंले भनेको कुरा सही हो। संविधान धेरै पटक आए, धेरै पटक बने र धेरै पटक संशोधन पनि भए । त्यसपछि २०६२ सालको आन्दोलनपछि जनताले निर्माण गरेको संविधान भनियो । तर जनताले पठाएका प्रतिनिधिहरूले पहिलो पटकमै संविधान बनाउन सकेनन् । प्रश्न उठ्छ– किन बनाउन सकेनन्? यदि जनताकै संविधान बन्नुपर्ने थियो भने पहिलो पटकमै बन्नुपर्ने थियो । फेरि दोस्रो पटक चुनाव गरेर राष्ट्रलाई आर्थिक भार थपेपछि मात्रै संविधान बन्न सक्यो । यसको अर्थ त्यो संविधान पनि स्वतन्त्र रूपमा बनेन कि ? प्राविधिक रूपमा केही कुरा छुटे कि ? भन्ने प्रश्न उठ्छ।

यो संविधानमा एउटा कुरामा भने हामीले गौरव गर्नुपर्छ–'सार्वभौमसत्ता जनतामा निहित छ' भन्ने कुरा लेखिएको छ । अर्को कुरा समाजवाद उन्मुख भन्ने कुरा गरिएको छ। तर दस वर्षसम्म समाजवाद कहाँ-कहाँ उन्मुख भयो ? के-के भयो ? स्वास्थ्यमा समाजवादको के अनुभूति भयो ? रोजगारीमा के अनुभूति भयो ? शिक्षामा के अनुभूति भयो ?

यी समस्याहरूले के देखाउँछन् भने हामी आफ्नो पनबाट हुर्किन सकेनौँ कि भन्ने प्रश्न छ । हाम्रो पनबाट हुर्किन नसक्दा राष्ट्र, राष्ट्रियता, स्वाधीनता, विकास, समृद्धि र मानव अधिकारलाई हामीले छोडिसक्यौँ कि भन्ने प्रश्न उठ्छ ।

प्रजातन्त्रलाई सुदृढ बनाउने आधारहरू हामीले छोडेका हौँ कि ? हामीसँग राष्ट्रिय नीति पनि स्पष्ट नभएको हो कि ? छिमेकी नीतिमा विश्वास, सद्भाव, सहकार्य र समायोजनका रूपमा एकले अर्कालाई विश्वास गर्न नसकिएको हो कि ? यस्ता प्रश्नहरू अहिले नागरिक समाज र नागरिकहरूमा छन् ।

हामीले यो विषयलाई प्राविधिक कुरा मात्रै मानेका छैनौँ । संविधानले अर्थ-राजनीति दिनुपर्छ । नागरिकका समस्यालाई सम्बोधन गर्नुपर्छ र राष्ट्रलाई अनुशासित राष्ट्र निर्माण गर्न सक्नुपर्छ। त्यसमा राजनीतिक क्षेत्रले आफूलाई अनुशासित रूपमा प्रस्तुत गर्नुपर्छ ।

तर अहिले संविधानले राजनीतिलाई छोडेर दलीय अतिवादतिर गएको हो कि भन्ने प्रश्न छ । चार जना नेता बसे, यस्तो भयो । दुई जना नेता बसे, उस्तो भयो। यो संविधानले राजनीतिक दलहरूलाई पनि टुक्राउँदै गयो, राजनीतिक दललाई बलियो बनाउन सकेन। अब यो प्रश्न राष्ट्रिय रूपमा सुरु भइसकेको छ। यसको समाधान राष्ट्रको विकास र समृद्धिको नयाँ अभियान हुन सक्छ कि भन्ने हाम्रो प्रश्न हो ।

***नागरिक सरोकार समूहले अहिले कस्ता योजना अगाडि सारेको छ । संविधानले समेट्न नसकेका विषयमा तपाईंहरूले के गर्दै हुनुहुन्छ ?***

हामीले कुनै विषयमा त्यसको मूल जरासम्म पुगेर अध्ययन गर्नुपर्छ भनेका छौँ । अहिले हामी बाढीपीडित अवस्थामा छौँ । असामान्य अवस्थामा नागरिकहरू छन् । उनीहरूले जीवन र जगतलाई देख्ने इच्छा हुँदाहुँदै पनि मृत्युवरण गर्नुपर्‍यो । उनीहरूको भौतिक शरीरदेखि सम्पत्तिसम्म नष्ट भयो । अब हामीसँग के कुराको अभाव छ ? हामीले अन्तर्राष्ट्रिय कूटनीति नजानेका हौँ कि ? हाम्रो भूगोलको परिचय हामीले नबुझेका हौँ कि ? मैले अघि नागरिक र भूगोल भनेँ। हामीले नागरिक पनि चिन्न सकेनौँ र भूगोल पनि चिन्न सकेनौँ कि भन्ने प्रश्नमा हामी अध्ययन गरिरहेका छौँ ।

हामी यहाँ कुनै सरकार वा कुनै दललाई दोष लगाइरहेका छैनौँ । समग्र प्रणालीबाट एउटा नयाँ अभियान लिएर जाने हो कि भन्ने हाम्रो सोच हो ।

यो संविधानले राष्ट्रिय एकता पनि दिन सकेन कि ? यहाँ हरेक समूहले दैनिकजसो जुलुस निकालिरहेका छन्, आफ्ना-आफ्ना माग राखिरहेका छन् । राजनीतिक असन्तुष्टि छ, आर्थिक असन्तुष्टि छ, सामाजिक असन्तुष्टि छ, शैक्षिक असन्तुष्टि छ । यी विषयमा हामी गम्भीर छौँ ।

***अहिले राष्ट्रिय सहमतिको कुरा पनि कतिपयले उठाइरहेका छन् । विगतमा पनि राष्ट्रिय सहमतिकै बलमा नेपालमा विभिन्न परिवर्तन भएका छन् । अहिले देशमा राष्ट्रिय सहमतिको आवश्यकता छ कि छैन ?***

राष्ट्रिय सहमतिको आवश्यकता छ। तर पहिला नेपाली जनताको गास, बासको ग्यारेन्टी हुनुपर्छ । गास, बास, शिक्षा, स्वास्थ्य र रोजगारीको पक्षमा राष्ट्रिय सहमति हुनुपर्छ । कुनै दल वा कुनै विषयमा कसैलाई सत्तामा पुर्‍याउन वा कसैलाई सत्ताबाट हटाउनका लागि राष्ट्रिय सहमति होइन। अर्थ-राजनीतिको बहस सुरु गर्नुपर्छ ।

काठमाडौंमा १५ दिन नेपालीहरूले ग्यास नपाउँदा कसरी चुलो बल्यो होला ? हामीसँग विद्युत् उत्पादन छ। त्यसको ५० प्रतिशत मात्रै उपयोग गरेर एउटा चुलो जनतालाई दिन सक्यौँ कि सकेनौँ ? यो विषय राष्ट्रिय सहमतिका विषय हुन् । जनतालाई बाँच्न दिन सक्ने विषय लिएर जानु नै राष्ट्रिय सहमति हो ।

***तपाईंले इन्डक्सन विद्युतीय चुलोको कुरा गर्नुभयो । अहिले ग्यासको अभाव पनि बजारमा देखिएको छ । सहुलियत दरमा इन्डक्सन चुलो बाँड्ने कुरा विद्युत् प्राधिकरणले कुनै बेला गरेको थियो । अहिलेको अवस्थालाई तपाईंले कसरी हेर्नुभएको छ ?***

हामी हरेक कुराको मौसमी व्याख्या गर्छौं । १५ दिन नेपालीहरूलाई ४० वा ५० प्रतिशत मूल्यमा चुलो दिएको भए र ५० प्रतिशत मूल्यमा इन्धन सुविधा दिएको भए राज्यको परिचय हुन्थ्यो ।

ग्यास बाढी, बाटो बिग्रिएका कारण वा विभिन्न समस्याले आउन सकेन होला । तर हामीसँग भएको स्रोत त नागरिकले पाउनुपर्ने हो । त्यसका लागि सबै सरकारले नै गर्नुपर्दैन थियो ? ५० प्रतिशत मूल्यमा दिएको भए पनि हुन्थ्यो । समस्या हुँदैनथ्यो । कतै कसैले लुकाएको हो भने कानुनी कारबाही गर्नुपर्छ। दोषीलाई पक्राउ गरेर कारबाही गर्नुपर्छ । तमाम नेपालीलाई बचाउनुपर्छ ।

तर हरेक कुरालाई प्रचारमुखी बनाउने प्रवृत्ति देखिन्छ । हिजोका साथीहरू, आजका साथीहरू र भोलिका साथीहरू पनि प्रचारमुखी बन्ने हुन् कि ? राजनीतिक प्रोपोगान्डा र 'दवे अफ हिप्नोटिजम' जस्ता कुराले राज्यको वास्तविक अवस्था देखाउन सकेको छैन ।

***२०५८ सालको दरबार हत्याकाण्डपछि नेपालको अवस्था बाहिरबाट हेर्दा जति राम्रो देखिए पनि नेपालीहरूको प्रतिष्ठा, जीविकोपार्जन र पर्यटनलगायतका विषय खस्किँदै गएको जस्तो देखिन्छ । यसमा तपाईंहरूको चासो के छ ?***

हामीले भनेको कुरा उत्पादनबाट सुरु हुनुपर्छ। हाम्रो पहिलो प्राथमिक आधार के हो ? हाम्रो कृषि हो । कृषिको अध्ययन नै नगर्ने, कृषकलाई सुविधा नदिने, कृषकको उत्पादनले सही मूल्य नपाउने, कृषकले समयमा सहुलियत दरको ऋण नपाउने, कृषि सामग्री, औजार, मल र बीउ नपाउने हो भने हाम्रो उत्पादनको आधार कमजोर हुन्छ।

हामी उत्पादनशील अर्थतन्त्रतर्फ जान सकेका छैनौँ । त्यसपछि पर्यटनको कुरा आउँछ। पर्यटन भनेको हाम्रो सुन्दर ठाउँ मात्रै होइन । यहाँको संस्कार, सभ्यता, ऐतिहासिक पक्ष र अध्ययन गर्न चाहने विषयहरूको प्रचार-प्रसार पनि हुनुपर्छ।

नेपाल सुन्दर छ भनेर मात्रै हुँदैन । हामीसँग के-के छ, विश्वमा नभएका कुरा के छन् भन्ने विषयको बजारीकरण गर्न सक्नुपर्छ ।

भोलि राजदूतहरू विभिन्न देशमा जान्छन् । उनीहरूले नेपालमा के छ भन्ने कुरा बजारीकरण गर्छन् कि गर्दैनन्, हामीले हेर्नुपर्छ ।

चीन जाने साथीहरूले चीनमा के छ, त्यो नेपालमा कसरी ल्याउन सकिन्छ ? नेपालको वस्तु तथा सेवा चीनमा कसरी पुर्‍याउन सकिन्छ ? भारतबाट के लिन सकिन्छ, भारतलाई के दिन सकिन्छ ? यस्ता विषयमा आर्थिक आदान-प्रदान र सामाजिक अनुभवको आदान-प्रदान हुनुपर्छ ।

देश भनेको विश्वबाट अलग एउटा टापु होइन । नेपाललाई टापु बनाउने किसिमको काम कसैले पनि गर्नु हुँदैन । यसरी मात्रै देश र राज्य बलियो बन्छ ।

***तपाईंले राजदूतहरूको कुरा गर्नुभयो । अहिले धेरैजसो दिग्गज र डाक्टरहरू राजदूत नियुक्त भएका छन् । यसबाट केही आशा गर्न सकिन्छ होला नि ?***

सर्टिफिकेटले आशा गर्ने ठाउँ दिएको छ । उहाँहरूले पाएको पदले पनि आशा गर्ने ठाउँ दिएको छ । उहाँहरूले प्राप्त गरेको पद र डाक्टरेटलाई हामीले सम्मान गरेका छौँ । चयन पनि त्यसैगरी भएको होला भन्ने विश्वास लिएका छौँ । तर हाम्रो बजार चीन हो भने चीनबाट के लिन सकिन्छ र चीनलाई के दिन सकिन्छ ? भारतबाट के लिन सकिन्छ र भारतलाई के दिन सकिन्छ ? भन्ने कुरा व्यवहारमा प्रमाणित हुनुपर्छ ।

त्यो प्रमाण व्यवहारमा प्राप्त नभएसम्म उहाँलाई डाक्टर भन्न नमिल्ला, सर्टिफिकेटका आधारमा सम्मान गर्नुपर्ला । भावनात्मक सम्मानले मात्रै पुग्दैन ।

***पछिल्लो समयमा राजनीतिक रूपमा देखिएका गतिविधिलाई तपाईंले कसरी हेर्नुभएको छ ?***

नेसनल फेथ अर्थात् राष्ट्रिय विश्वास निर्माण गर्नुपर्छ । यो मुलुक कुनै एउटा समूह, कुनै एउटा दल, कुनै एउटा विशेष वर्ग वा कुनै एउटा क्षेत्रको मात्रै राज्य होइन । यो राज्यमा रहने सबैको बृहत् राष्ट्रिय एकताको आवश्यकता छ । राष्ट्रिय एकता र विश्वासको अभावका कारण हामी दैनिकजसो विभिन्न माग र जुलुस देख्छौँ । संविधान प्राविधिक रूपमा मात्रै बन्ने होइन । राष्ट्रिय विश्वास र राष्ट्रिय एकता निर्माण गर्न सक्ने हुनुपर्छ ।

नेपाल बनाउने हो भने हरेक चिजलाई संयोजन गर्नुपर्छ । हामीसँग मजदुर छन्, उनीहरूलाई पनि संयोजन गर्नुपर्छ । इन्जिनियर छन्, उनीहरूलाई पनि संयोजन गर्नुपर्छ । कृषक छन्, उनीहरूलाई पनि संयोजन गर्नुपर्छ । कसैले विचार लिएर आउँछ भने त्यो विचार उत्पादक हुनुपर्छ । यहाँ फलानो ठाउँमा यस्तो थियो, फलानो ठाउँमा उस्तो थियो भनेर मात्रै देश बन्दैन । हाम्रा अनुभवलाई घोतेर र कराएर मात्रै पनि देश बनाउन सकिँदैन ।

***राणा शासनकालमा उत्खनन भएका फलाम खानी, जुन हाम्रो ठोसेमा पनि छन्, उत्खनन गरेर बन्दुक बनाइएको र नेपाल-भोट युद्धमा नेपाली सेनाले त्यसको प्रयोग गरी जितेको इतिहास छ । राणा शासनको पतनपछि कति वटा सरकार फेरिए । तर अहिले नेपाली सेनाले प्रयोग गर्ने एउटा गोली पनि विदेशबाट ल्याउनुपर्ने अवस्था छ । यसप्रति तपाईंको धारणा के छ ?***

पहिलो कुरा स्वाधीनता हो । स्वाधीनता भनेको तपाईंहरू मिडियामा हुनुहुन्छ, तपाईंले यसभन्दा राम्रो कामको पनि कल्पना गर्न सक्नुहुन्छ, तर तपाईं स्वाधीन हुनुहुन्छ, किनभने तपाईंले जानेको काम गरिरहनुभएको छ र सम्पूर्ण नेपालीलाई एउटा सन्देश दिइरहनुभएको छ । स्वाधीनता नभएपछि पराधीनताको अवस्था आउँछ ।

ग्लोबल इकोनोमी र निजीकरणको सीमारेखा नबुझीकन, नेपालको भूगोल, संस्कार, संस्कृति र नेपाली जनजीवनलाई नबुझीकन धेरै कुरा प्रयोग गरियो । नेपालका तमाम उद्योगहरू बेचिए। सस्तो मूल्यमा बेचिए, कौडीको भाउमा बेचिए । तर बेच्दा त्यसको स्वामित्व नेपालले लिन पाएन ।

त्यो उद्योगको स्वामित्व मजदुरले लिन पाउनुपर्थ्यो । मजदुरलाई बेच्नुपर्थ्यो । उद्योग चलाउने सीप त्यही मजदुरसँग थियो। निश्चित वर्षका लागि मजदुरलाई लिजमा दिन सकिन्थ्यो। त्यहाँ मजदुरको श्रम र मजदुरको इतिहास पनि सँगसँगै जोडिएको थियो । त्यो बेच्नु हुँदैनथ्यो । कसले गर्‍यो, थाहा छैन, तर त्यो गर्ने काम गलत हो । अहिले सरकारले गर्छ, सरकारले भात दिन्छ, तरकारी दिन्छ भन्ने कुरा मात्रै पर्याप्त हुँदैन । सरकार भनेको सम्पूर्ण नागरिकको सामूहिक संरचना हो ।

***तपाईंले सबैलाई समावेशी आधारमा राष्ट्रिय एकताको कुरा गर्नुभयो। २०३३ सालमा विभिन्न मुद्दा लागेका र राज्यद्रोहको आरोप खेपेका बीपी कोइराला छिमेकी राष्ट्र भारतबाट राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किनुभएको थियो । अहिलेको अवस्था पनि कुनै हिसाबले त्यस्तै देखिन्छ। अहिले नेपाली कांग्रेसभित्र विवाद छ । सबै मिल्नुको विकल्प छैन र राष्ट्रिय सहमतिमा जानुपर्छ भनेर शेरबहादुर देउवाले पनि बोलेको देखिन्छ। त्यसलाई तपाईं कसरी हेर्नुहुन्छ ?***

शेरबहादुरजीको प्रायश्चित होला । उहाँले प्रायश्चित गर्न पाउनुहुन्छ । तर उहाँले बनाएको राष्ट्रिय एकताको सूत्र चाहिँ विश्वप्रसाद कोइरालाले ल्याएको राष्ट्रिय एकताको अभियानजस्तो कांग्रेसको छत्रछायामा सीमित हुनु हुँदैन। यहाँ अहिले कुनै एउटा पार्टीको राष्ट्रिय एकता चाहिएको होइन। यहाँ नेपालीहरू बाँच्ने राष्ट्रिय एकता चाहिएको हो । नेपालीहरूको प्रगतिको राष्ट्रिय एकता चाहिएको हो । त्यसमा कांग्रेस पनि समावेश हुनुपर्छ। शेरबहादुरजीले भनेका कुराहरू प्रायश्चितबाट आएका होलान् । हिजो पानी चल्दै चल्दैन भनेको कुरा फेरि पानी चल्छ भन्न सक्नुहुन्छ ।

उहाँले राजनीति होइन, दलीय तन्त्रभित्रको कुरा बोल्नुभएको हो । नेपालका प्रायः नेताहरू दलीय कुरा बोल्छन्, राजनीति बोल्दैनन् ।

राजनीति र दलीय कुरामा फरक छ । दल र राजनीतिमा फरक छ। राजनीतिले देश, नागरिक र भूगोलको रक्षा गर्छ । दलले आफ्नो समूह र नेताको रक्षा गर्छ । हामीले यसरी बुझ्यौँ, वा गलत भयो । अहिले नेपालमा दल मात्रै छन्, राजनीति छैन भन्ने तपाईंको निष्कर्ष हो, यति हो ।

***पछिल्लो समयको जेनजी विद्रोह, विभिन्न गतिविधि र स्पष्ट बहुमतको सरकारको अवस्था छ। त्यसअघि नागरिकमा उत्साह पनि देखिन्थ्यो । तर पछिल्लो दुई-तीन महिनामा नागरिकहरू अलमलमा परेको जस्तो देखिन्छ । कतिपयले देश अभिभावकविहीन भएको जस्तो महसुस गरेको पनि सुनिन्छ। नागरिक सरोकार समूहले यसलाई कसरी लिएको छ ?***

हामीले अध्ययन गरेको कुरा के हो भने अहिलेको संविधान र व्यवस्थाले राजनीतिलाई विभाजित गरेको छ र दलतन्त्रलाई बढाएको छ ।

कांग्रेस फुट्ने, एमाले फुट्ने, अर्को फुट्ने, अर्को फुट्ने–यो दलतन्त्रको अतिवाद हो। राजनीतिभित्र दलहरूले अर्थ-राजनीतिको कुरा गर्दैनन् । उत्पादनको कुरा गर्दैनन् । कृषिको कुरा गर्दैनन् । अहिले ३० वर्षसम्मका साथीहरूले पनि कृषिलाई आधुनिकीकरण, औद्योगिकीकरण र उत्पादनमूलक आयस्रोतका रूपमा विकास गर्ने कुरा गर्नुपर्छ । नेपालको राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड कृषि हो भन्न सक्नुपर्छ । तर यहाँ दलतन्त्र र राजनीतिमा फरक रहेछ भन्ने हाम्रो अध्ययन हो ।

अर्को कुरा, प्रजातन्त्रबिनाको गणतन्त्र कविला तन्त्रको विकसित रूप रहेछ भन्ने हाम्रो अध्ययन हो ।

हाम्रो अध्ययन गलत थियो भनेर प्रमाणित गरिदिनुपर्‍यो । हामीले देशका लागि नराम्रो कुरा गरेका होइनौँ । 'तपाईंहरूको अध्ययन गलत छ' भनेर यहाँका विद्वानहरूले प्रमाणित गरिदिनुपर्‍यो । राजनीति शास्त्रका साथीहरूले, दिग्गज साथीहरूले, समाजसेवीहरूले त्यसलाई गलत प्रमाणित गरिदिनुपर्‍यो । हामीलाई शंका भयो–दलतन्त्र र राजनीतिमा फरक रहेछ ।

***तर यहाँका तिनै विद्वान साथीहरू अमेरिका छोरा पठाउन पाउने, भारतमा छात्रवृत्तिमा छोरी पढाउन पाउने, चीनतिर नातिनातिना पठाउन पाउने कुरामा बढी केन्द्रित भएको देखिन्छ । पीएचडी होल्डरहरू देश निर्माणका विषयमा त्यति दौडिएको देखिन्छ यस्ता बुद्धिजीविलाई कसरी मूल्याङ्कन गर्ने ?***

बुद्धिजीवीहरूलाई कसरी मूल्यांकन गर्ने भन्ने कुरा सर्टिफिकेटबाट मात्रै हुँदैन । बुद्धिजीवीहरूले नै मूल्यांकन गर्नुपर्ने कारण त्यही हो ।

अमेरिका बस्दा एउटा साथीले मलाई भनेको थियो–'वी आर प्लानिङ एनर्जी प्रोब्लम्स' भनेर । मैले भनेँ–'यु ह्याभ नो एनर्जी प्रोब्लम्स, वी आर मेकिङ १०० आफ्टर १०० इयर्स ।'

त्यस्तो खालको विद्वान हामी नेपालमा खोजिरहेका छौँ । तर हाम्रोमा भोलि के पाइन्छ भनेर सोच्ने विद्वानहरू बढी भए । भोलि के दिन्छ, यो सरकार आउँदा के दिन्छ, अर्को सरकार आउँदा के दिन्छ, त्यो सरकारसँग जोडिँदा के हुन्छ, यो सरकारसँग जोडिँदा के हुन्छ भन्ने विद्वताले हामीलाई कहाँ पुर्‍याउँछ भन्ने प्रश्न हो ।

***अब हामी अन्तिम चरणमा छौँ । तपाईंलाई आफैँले भन्न मन लागेको तर मैले प्रश्न गर्दा छुटेका कुनै विषय छन् भने अन्तिममा राखिदिनुहोस् ।***

मैले अन्तिममा राख्ने कुरा भनेको यो मुलुक बन्नुपर्छ । यो मुलुक बनाउने भनेको नयाँ पुस्ताले हो, नयाँ युवाहरुले हो । तर कुनै पनि चिज एउटा मात्र हुँदैन । यहाँ सबै साथीहरूले सोच्नुपर्ने कुरा के हो भने फरक-फरक अनुभव पनि चाहियो, एलिट पनि चाहियो, युवा पनि चाहियो, परिपक्वता पनि चाहियो । यी सबैको संयोजनबाट एउटा राष्ट्रिय शक्ति विकास गर्नुपर्छ । जसलाई हामी बृहत् राष्ट्रिय एकता भन्छौँ ।

हामीले सैनिकलाई पनि विश्वास गर्न सक्नुपर्छ । प्रहरीलाई पनि विश्वास गर्न सक्नुपर्छ । कर्मचारीतन्त्रलाई पनि विश्वास गर्न सक्नुपर्छ । प्राविधिकलाई पनि विश्वास गर्न सक्नुपर्छ । यो राज्यभित्र अटाउने हरेकले हरेकलाई विश्वास गरौँ, हरेकले हरेकलाई माया गर्न सकौँ र नयाँ नेपाल यसरी नै कल्पना भएर अगाडि जाओस् भन्ने मैले आशा राखेको छु । मेरो विश्वास यही हो ।

यहाँ बोलाएर दुई-चार कुरा राम्रा-नराम्रा, म प्राविधिक मान्छे नभए पनि मेरा अनुभव सुनिदिनुभयो, बुझ्नुभयो र सुनाइदिनुभयो होला भन्ने विश्वास राख्दै यहाँहरूलाई धन्यवाद ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ९,
२०८३ साल असोज ६ गते मंगलबार
22 SEPTEMBER 2026, TUESDAY

# नेपालमा लगानी गर्ने उपयुक्त समय हो : भारतीय लगानीकर्तालाई अर्थमन्त्री वाग्लेको आह्वान




काठमाडौं- अर्थमन्त्री स्वर्णिम वाग्लेले भारतीय लगानीकर्ता, उद्योगी तथा व्यवसायीलाई नेपालमा लगानी र व्यापारका अवसर खोजी तथा विस्तार गर्न आह्वान गरेका छन् ।

नयाँ दिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री (सीआईआई)ले आयोजना गरेको व्यापार तथा लगानी अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री वाग्लेले नेपालमा लगानीका लागि अहिले उपयुक्त समय रहेको बताएका हुन् ।

वाग्लेले नेपालमा उच्च आर्थिक वृद्धिको सम्भावना भएका विभिन्न क्षेत्रमा लगानीका अवसर रहेको उल्लेख गर्दै नेपालमा सञ्चालनमा रहेका भारतीय कम्पनीलाई लगानी विस्तार गर्न र नयाँ लगानीकर्तालाई नेपाली बजारको खोजी गर्न आग्रह गरे ।

उनले नेपाल सरकार सुशासन, आर्थिक समृद्धि, लगानी सहजीकरण र संरचनात्मक आर्थिक रूपान्तरणको एजेन्डामा अघि बढिरहेको बताए । साथै, नीतिगत सुधारलाई तीव्र बनाउँदै थप अनुमानयोग्य, पारदर्शी र लगानीमैत्री व्यवसायिक वातावरण निर्माणका लागि सरकारले काम गरिरहेको जानकारी दिए ।

डिजिटलाइजेसन, स्वच्छ ऊर्जा, उच्च मूल्यको कृषि, वेलनेस पर्यटन र उत्पादन क्षेत्रलाई नेपालको अर्थतन्त्रका महत्वपूर्ण सम्भावनायुक्त क्षेत्रका रूपमा प्रस्तुत गर्दै वाग्लेले भारतीय व्यवसायीलाई नेपाललाई बजारका रूपमा मात्र नभई लगानी, उत्पादन, मूल्य अभिवृद्धि तथा क्षेत्रीय र विश्वव्यापी आपूर्ति शृंखलामा जोडिने रणनीतिक साझेदारका रूपमा हेर्न आग्रह गरे ।

उनले लगानी, उत्पादन, ऊर्जा, पर्यटन, कृषि र डिजिटल अर्थतन्त्रलगायत क्षेत्रमा नेपाल-भारत आर्थिक साझेदारी विस्तारको ठूलो सम्भावना रहेको बताए । नेपाल र भारतबीचको दीर्घकालीन आर्थिक सम्बन्धले द्विपक्षीय व्यापार तथा लगानी विस्तारका लागि बलियो आधार तयार गरेको उनको भनाइ थियो ।

कार्यक्रममा सहभागी भारतीय व्यवसायी तथा सीआईआईका सदस्यहरूले नेपालमा व्यापार तथा लगानीका अवसरबारे रुचि व्यक्त गर्दै लगानी नीति, सुविधा, क्षेत्रगत अवसर र व्यवसायिक वातावरणबारे अर्थमन्त्रीसँग जानकारी लिएका थिए ।

अर्थमन्त्री वाग्ले भारतको तीन दिने औपचारिक भ्रमणमा छन् । भ्रमणका क्रममा उनले नेपाल-भारत आर्थिक सहकार्य, लगानी, कनेक्टिभिटी, ऊर्जा तथा विपद्पछिको पुनर्निर्माणलगायत विषयमा भारतीय अधिकारी, व्यवसायी तथा नीतिगत समुदायसँग छलफल गरिरहेका छन् ।

# कामना सेवाद्वारा दमक रेडक्रसलाई उपकरण हस्तान्तरण



काठमाडौं- कामना सेवा विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत दमक-७ स्थित नेपाल रेडक्रस सोसाइटीलाई सर्पदंश उपचारमा प्रयोग हुने कार्डियो मोनिटर र सक्सन मेसिन हस्तान्तरण गरेको छ ।

बैंकको दमक शाखामार्फत हस्तान्तरण गरिएको उक्त उपकरण विशेषगरी सर्पदंशलगायत आकस्मिक अवस्थाका बिरामीको उपचारमा उपयोगी हुने बैंकले जनाएको छ ।

बैंकका कोशी प्रदेश प्रमुख खिमलाल भुसालले नेपाल रेडक्रस सोसाइटीकी सभापति गोमा देवी प्रसाईं बुढाथोकीलाई उपकरण हस्तान्तरण गरेका हुन् ।

सभापति बुढाथोकीले सहयोगका लागि बैंकलाई धन्यवाद दिँदै कार्डियो मोनिटरले गम्भीर अवस्थामा रहेका बिरामीको स्वास्थ्य अवस्था निगरानी गर्न तथा सक्सन मेसिनले आकस्मिक श्वासप्रश्वाससम्बन्धी अवस्थामा उपचारमा सहयोग पुर्‍याउने बताइन् ।

कार्यक्रममा प्रदेश प्रमुख भुसालले स्वास्थ्य सेवा समुदायको आधारभूत आवश्यकता भएकाले स्थानीयस्तरमा स्वास्थ्य सेवाका लागि आवश्यक स्रोतसाधन उपलब्ध गराउन सहयोग गर्न पाउँदा बैंक गौरवान्वित भएको बताए ।

उनले बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको जानकारी दिए ।

उक्त सहयोगले दमक क्षेत्रका नागरिकलाई आवश्यक परेको समयमा थप सहज स्वास्थ्य सेवा प्राप्त गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । कार्यक्रममा बैंकका कर्मचारी तथा नेपाल रेडक्रस सोसाइटीका पदाधिकारी र सदस्यहरूको उपस्थिति थियो ।

बैंकले आगामी दिनमा पनि यस्ता मानवीय तथा सामाजिक कार्यलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता जनाएको छ ।

# पर्यटकलाई सञ्चार सेवा सहज बनाउन एनसेल र नाटोबीच साझेदारी




काठमाडौं- एनसेलले नेपाल एसोसिएसन अफ ट्राभल अपरेटर्स (नाटो)सँग साझेदारी गरेको छ । नेपाल भ्रमणमा आउने अन्तर्राष्ट्रिय पर्यटकलाई दूरसञ्चार सेवामा सहज पहुँच उपलब्ध गराउने उद्देश्यले दुई संस्थाबीच समझदारी भएको हो ।

नेपाल पर्यटन बोर्डको आयोजित कार्यक्रममा एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ता र नाटोका अध्यक्ष विश्वेश श्रेष्ठले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

साझेदारीअन्तर्गत एनसेलले पर्यटकलाई भरपर्दो मोबाइल कनेक्टिभिटी उपलब्ध गराउनेछ भने नाटोले देशभर रहेका आफ्ना ट्राभल अपरेटरको सञ्जालमार्फत पर्यटकलाई एनसेलका सेवा तथा सुविधाबारे जानकारी उपलब्ध गराउनेछ ।

एनसेलका अनुसार सहकार्यले नेपाल आउने पर्यटकलाई यात्रा अवधिभर परिवार, साथीभाइ तथा अन्य व्यक्तिसँग सम्पर्कमा रहन सहज बनाउनेछ । साथै, 'नेपाल कलिङ' अभियान प्रवर्द्धन गर्दै नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसैगरी, एनसेलले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत एनसेल फाउन्डेसनमार्फत नाटोलाई प्रमुख राजमार्गमा आधुनिक वास पूर्वाधार निर्माणमा सहयोग गर्ने भएको छ ।

यसको सुरूवात धादिङको गजुरीबाट पाइलट परियोजनाका रुपमा गरिनेछ । परियोजनाले राजमार्गमा यात्रा गर्ने पर्यटक तथा स्थानीय समुदायलाई सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छताको सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ ।

## मुक्तिनाथ विकास बैंकको विशेष घरकर्जा योजना

# ५.७८ प्रतिशत ब्याजदरमा कर्जा




काठमाडौं- मुक्तिनाथ विकास बैंकले 'नवौं नेपाल जग्गा तथा आवास एवं निर्माण प्रदर्शनी-२०८३' तथा दशैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै विशेष घरकर्जा योजना सार्वजनिक गरेको छ ।

योजनाअन्तर्गत ग्राहकले घर निर्माण, घर खरिद तथा आवाससम्बन्धी आवश्यकताका लागि बैंकको आधार दरमा ०.२५ प्रतिशत प्रिमियम थप गरी कर्जा लिन सक्नेछन् । बैंकको आधार दर ५.५३ प्रतिशत रहेकाले कात्तिक मसान्तसम्म ग्राहकले ५.७८ प्रतिशत ब्याजदरमा घरकर्जा लिन सक्ने बैंकले जनाएको छ ।

बैंकका अनुसार घरजग्गाको मूल्यांकनको अधिकतम ७० प्रतिशतसम्म कर्जा उपलब्ध हुनेछ । पहिलो घर कर्जाको हकमा भने अधिकतम ८० प्रतिशतसम्म कर्जा सुविधा लिन सकिनेछ ।

चाडपर्वको अवसरमा आफ्नै घर निर्माण वा खरिद गर्ने योजना बनाएका ग्राहकलाई लक्षित गरी योजना ल्याइएको बैंकले जनाएको छ ।

विशेष घरकर्जा योजना २०८३ सालको कात्तिक मसान्तसम्म लागू हुनेछ । त्यसपछि भने बैंकको प्रचलित ब्याजदर तथा सम्बन्धित कर्जाका अन्य शर्तहरू लागू हुने बैंकले जनाएको छ ।-

# सन नेपाल लाइफद्वारा सन स्मार्ट प्रोटेक्सन बीमा योजना सार्वजनिक



काठमाडौं- सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले नागरिकको जीवन सुरक्षालाई ध्यानमा राख्दै कम्पनीको ९औं बार्षिकोत्सवको उपलक्ष्यमा सन स्मार्ट प्रोटेक्सन बीमा योजना ल्याएको छ ।

असोज १ गते सम्पन्न गरिएको कार्यक्रमका बीच कम्पनीका प्रमुख कार्यकारी अधिकृत राज कुमार अर्यालबाट र उच्च व्यवस्थापन कर्मचारीहरूको उपस्थितिमा उक्त बीमा योजनालाई शुभारम्भ गरिएको हो । कम्पनीले १८ वर्षदेखि ६५ वर्षसम्मका मानिसहरूका लागि थोरै लागतमा ठूलो आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्यले यो नयाँ योजना प्रस्तुत गरेको हो ।

विशेष गरी युवा अवस्थामा रहेका परिवारका संरक्षकहरूको व्यावसायिक दायित्व र पारिवारिक दायित्वलाई सन्तुलनमा राखी आर्थिक सुरक्षा प्रदान गर्नं यस योजनाको मुख्य उद्देश्य रहेको छ । यो बीमा योजना कम्पनीका सम्पूर्ण शाखा कार्यालयका साथै डिजिटल माध्यमबाट पनि सहजै खरिद गर्न सकिन्छ ।

योजनाका विशेषता तथा सुविधा

यस योजना अन्तर्गत न्यूनतम १० लाख रुपैयाँदेखि आयश्रोतका आधारमा जतिसुकै रकमसम्मको बीमाङ्क चयन गर्न सकिनेछ । बीमा शुल्क भुक्तानी मासिक, त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक रूपमा गर्न सकिने सुविधा रहेको उल्लेख छ ।

बीमितको निधन भएमा बीमाङ्क रकमको १०० प्रतिशत रकम दाबी भुक्तानी हुनेछ । यसका साथै ऐच्छिक सुविधा अन्तर्गत ५० हजार रुपैयाँसम्मको किरिया खर्च र १ लाख रुपैयाँसम्मको 'सन मेडिकेयरु आपत्कालीन स्वास्थ्य सेवा सुविधा पनि समेटिएको छ ।

कम्पनीको परिचय र पहुँच

सन् २०७४/६/६ मा बीमक दर्ता भई औपचारिक व्यवसाय प्रारम्भ गरेको यस कम्पनीको अधिकृत पूँजी १० अर्ब र चुक्ता पूँजी ५.२८ अर्ब रुपैयाँ रहेको छ ।

हाल ४० हजारभन्दा बढी अभिकर्ता तथा १३६ शाखा तथा उपशाखामार्फत कम्पनीले सेवा प्रदान गर्दै आएको छ । दुर्घटना, अशक्तता र आपत्कालीन रोगका कारण उत्पन्न हुने आर्थिक जोखिम न्यूनीकरण गर्दै दीर्घकालीन वित्तीय सुरक्षा प्रदान गर्नं कम्पनीको मुख्य ध्येय रहेको उल्लेख छ ।

# जनआकाशका आजिवन सदस्य कवि ढकालको अध्यक्षता कार्यक्रम सम्पन्न



काठमाडौ । यहि मितिः २०८३ साल भदौ ३० गते सुख शान्ति मिडियाको बालाजुस्थित सभहलमा आधुनिक साहित्य परिषदको नियमित मार्षिक रचनावाचन र स्रष्टा सम्मान कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । संस्थाका अध्यक्ष मुर लीप्रसाद ढकालको सभापतित्व, डा. बमबहादुर जितालीको प्रमुख अतिथ्यता , वरिष्ठ शिक्षाविद् प्रा. इन्द्रविलास घिमिरे, वरिष्ठ साहित्यकार एवम् समीक्षक चन्द्रा न्यौपाने, र ाष्ट्रिय सुसेली फाउन्डेसनका अध्यक्ष दुर्गा अधिकारी भमरकोटे, समीक्षक बलराम दाहाल लगायत अतिथि रहेको कार्यक्रममा वरिष्ट साहित्यकार एवम् छन्दकवि जगदीश्वर पोखरेललाई सम्मान गरिएको थियो ।

कवि पोखरेलको व्यक्तित्व र कृतित्वको विषयमा समीक्षक एवम् कवि बलराम दाहालले मन्तव्य राखे का थिए । शिक्षाविद् प्रा. इन्द्रविलास घिमिरेले लमजुङको माटोको महिमा गान गर्दै राष्ट्रकवि देखि जगदीश्वर पोखरेल लगायतका कविलाई समेट्दै काव्यिक दृष्टिले उर्बर भूमिको महिमा प्रस्तुत गरेका थिए ।

सम्मानित स्रष्टा जगदीश्वर पो खरेलले काव्यिक यात्रा सँगै करिव आधा दर्जन कविता प्रस्तुत गरेका थिए । प्रमुख अतिथि डा. जितालीले सम्मानित व्यक्तित्व उपयुक्त पात्र भएको र आफू समेत सम्मानित भएको महसुस गरेको बताएका थिए । सभापति मुरलीप्रसाद ढकालले सहभागी सबैलाई धन्यवाद दिदै समापन भएको कार्यक्रम करिब चार घन्टा चलेको थियो । कार्यक्रमको संयो जन सञ्चालन सुख शान्तिका दामोदर ढकाल दीपकले गरेका थिए ।

# प्रभु बैंकद्धारा विपद्बाट प्रभावित परिवारहरुलाई बंक बेड हस्तान्तरण




काठमाडौं- प्रभु बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पहेंलो गुम्बामा आवश्यक ६ थान दुई तल्ले खाट हस्तान्तरण गरेको छ । देशमा आएका प्राकृतिक प्रकोप तथा बाढीका कारण उक्त गुम्बामा आश्रित परिवारहरुको तत्कालिन आवश्यकतालाई मध्यनजर गर्दै बैंकले काठमाण्डौं स्थित पहेंलो गुम्बामा थप सहयोग स्वरुप ६ थान दुई तल्ले खाट उपलब्ध गराएको छ । प्रभावित परिवारहरुका लागी दुई तल्ले खाट अत्यावश्यक रहेको पहिचान भए पछि बैंकले समाजिक उत्तरदायित्व अन्तर्गत उक्त सहयोग गरेको हो । यस सहयोगबाट राहत तथा आश्रय स्थलमा बसोबास गरि रहेको प्रभावित परिवारहरुलाई थप सहजता पुग्ने बैंकले विश्वास लिएको छ ।

यस अघि पनि विनाशकारी बाढीका कारण प्रभावित तथा घरवारविहिन भएका परिवारहरुलाई राहत सहयोग पुर्याउने उद्देश्यले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रु. २ करोड ११ लाख ११ हजार १११ सय साथै प्रभु बैंकका संचालक तथा कर्मचारीहरुले स्वेच्छिक रुपमा संकलन गरेको रु. ४० लाख ८० हजार ५० पचास रुपैया प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको थियो ।

त्यसै गरी बाढीबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउने उद्देश्यले बैंकले थप सहयोग स्वरुप १०० थान टेन्ट तथा १०० थान स्लिपिङ्ग व्याग समेत आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई हस्तान्तरण गरेको थियो ।

साथै बैंकले प्रभावित भएका घाइतेहरुलाई सहयोग पुग्ने विश्वासका साथ प्रभु बैंक लि.ले सामाजिक उत्तरदायित्व अर्न्तगत देशको सातै प्रदेशमा देशव्यापी रक्तदान कार्यक्रम संचालन गरेको थियो ।

# डेटा सेन्टरमा प्राविधिक समस्या, आजको सेयर कारोबार स्थगित

काठमाडौं । नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले असोज ५ गतेको नियमित सेयर कारोबार स्थगित गरेको छ ।

नेप्सेका अनुसार ७२ वटा कारोबार सदस्य कम्पनीका सर्भर रहेको डेटा सेन्टर 'डेटा हब प्रालि'मा असोज ४ गते बिहानदेखि प्राविधिक समस्या देखिएको थियो । समस्या समाधानका लागि प्रयास भइरहे पनि हालसम्म समाधान हुन सकेको छैन ।

डेटा सेन्टरको समस्या समाधान नभई कारोबार सञ्चालन गर्दा नेप्सेको कारोबार प्रणालीमा समेत क्षति पुग्न सक्ने देखिएपछि स्टक ब्रोकर एसोसिएसन अफ नेपालले आजको कारोबार स्थगित गर्न नेप्सेसमक्ष निवेदन दिएको थियो ।

सोही निवेदनका आधारमा नेप्सेले धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम २१ ९१० बमोजिम आजको नियमित सेयर कारोबार स्थगित गरेको जनाएको छ ।

कारोबार स्थगित हुँदा लगानीकर्ता तथा सम्बन्धित पक्षमा पर्न गएको असुविधाप्रति नेप्सेले क्षमासमेत मागेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# जेनजी आन्दोलनका घाइतेलाई निःशुल्क कानुनी सहायता दिने तयारी



काठमाडौं- सरकारले जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउने तयारी गरेको छ । यसका लागि निःशुल्क कानुनी सहायता सम्बन्धी ऐन संशोधन गर्न विधेयक अघि बढाइएको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले असोज २ गते प्रतिनिधिसभामा दर्ता गराएको विधेयकमा निःशुल्क कानुनी सहायता पाउने असमर्थ व्यक्तिको दायरामा जेनजी आन्दोलनका क्रममा घाइते, अपांग वा अशक्त भएका व्यक्तिलाई समेटिएको छ ।

विधेयकअनुसार सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका, आर्थिक रूपमा विपन्न, घरेलु तथा लैंगिक हिंसापीडित, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका तथा असहाय व्यक्तिलगायतलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउने प्रस्ताव गरिएको छ ।

त्यस्तै, सहिद तथा सशस्त्र द्वन्द्वपीडित, विभिन्न समयमा भएका जनआन्दोलन तथा जेनजी आन्दोलनका क्रममा घाइते, अपांग वा अशक्त भएका व्यक्ति, लोकतन्त्रका योद्धा तथा विस्थापित नागरिकलाई समेत निःशुल्क कानुनी सहायता उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ ।

प्रस्तावित विधेयकले निःशुल्क कानुनी सहायता पाउने असमर्थ पक्षको दायरा विस्तार गर्नुका साथै सेवा सबै अदालत, न्यायिक तथा अर्धन्यायिक निकायसम्म पुऱ्याउने व्यवस्था गरेको छ ।

असमर्थ पक्षले कानुनी परामर्शदेखि मुद्दाको कारबाही, सुनुवाइ र फैसला कार्यान्वयनसम्म निःशुल्क कानुनी सहायता पाउने प्रस्ताव गरिएको छ । फौजदारी मुद्दामा पक्राउ परेका र आफैँ कानुन व्यवसायी राख्न नसक्ने व्यक्तिले पक्राउ परेको समयदेखि नै यस्तो सहायता पाउने व्यवस्था पनि विधेयकमा छ ।

सुनाइ, स्वर वा बोलाइसम्बन्धी अपांगता भएका व्यक्तिलाई सहायता प्रदान गर्दा सांकेतिक भाषाको प्रयोग गर्नुपर्ने तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । निःशुल्क कानुनी सहायता संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी सञ्चालन गर्ने तथा सेवा प्रभावकारी बनाउन विद्युतीय प्रणाली विकास गरी लागू गर्ने प्रस्तावसमेत विधेयकमा समेटिएको छ ।

यसैगरी, कानुनी सहायता सेवाको गुणस्तर सुधारका लागि विषयगत विज्ञमार्फत सेवा उपलब्ध गराउने तथा राष्ट्रिय, प्रदेश र जिल्ला कानुनी सहायता समितिको संरचना बनाउने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

## खेलकुद

# राष्ट्रिय यू-१६ अन्तरविद्यालय बास्केटबल प्रतियोगिता असोज ५ देखि




काठमाडौं- राष्ट्रियस्तरको यू-१६ अन्तरविद्यालय बास्केटबल प्रतियोगिता २०८३ असोज ५ गतेदेखि काठमाडौंमा आयोजना हुने भएको छ ।

नेपाल बास्केटबल संघ, नेपालया इन्टरनेशनल र प्याब्सनको संयुक्त आयोजनामा प्रतियोगिता असोज ५ देखि १३ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सञ्चालन हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा देशभरबाट ४० टोलीको सहभागिता रहनेछ । विद्यालय तथा युवा तहमा बास्केटबलको बढ्दो आकर्षणलाई व्यवस्थित अवसरमा रूपान्तरण गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास र प्रोत्साहन गर्नु प्रतियोगिताको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ ।

प्रतियोगितामार्फत यू-१६ तहका उत्कृष्ट खेलाडी पहिचान गरी थप प्रशिक्षण, मूल्याङ्कन तथा विकासको प्रक्रियामा समेटिनेछ । पहिचान भएका प्रतिभाबाट सक्षम यू-१६ राष्ट्रिय टोली तयार गरी आगामी दक्षिण एसियाली खेलकुद (साग)मा नेपालको प्रतिनिधित्व गराउने दीर्घकालीन लक्ष्यसमेत आयोजकले अघि सारेको छ ।

विद्यालयलाई खेलाडी उत्पादनको महत्वपूर्ण आधारका रूपमा विकास गर्दै शिक्षा र खेलकुदलाई समानान्तर रूपमा अघि बढाउने लक्ष्य आयोजकको छ ।

प्रतियोगिताले खेलाडीमा अनुशासन, नेतृत्व क्षमता, टिम भावना, स्वस्थ प्रतिस्पर्धा र खेलकुद संस्कारको विकासमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# भोटेकोशी बाढी प्रभावितको खोजी, उद्धार र राहतमा तीव्रता दिन रास्वपाको माग



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सचिवालय बैठकले भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै प्रभावित क्षेत्रमा खोजी, उद्धार तथा राहत वितरणको कामलाई थप तीव्रता दिन माग गरेको छ ।

आइतबार पार्टी कार्यालयमा बसेको बैठकले बेपत्ताको खोजी तथा पीडित परिवारलाई राहत उपलब्ध गराउने काममा कुनै किसिमको कमी हुन नदिन सरकारलाई आग्रह गरेको हो ।

बैठकपछि प्रवक्ता जगदीश खरेलले प्रभावित क्षेत्रमा खोजी, उद्धार र राहतको काम भइरहेको तथा अब पुनर्स्थापना र पुनर्निर्माणको काम सुरु गर्नुपर्ने अवस्था आएको बताए ।

बेपत्ता व्यक्तिको शव पहिचान हुन नसकेको अवस्थामा डिएनए परीक्षणलाई छिटो अघि बढाउन तथा पीडित परिवारलाई राहतको अनुभूति हुने गरी सेवा प्रभावकारी बनाउन रास्वपाले माग गरेको छ ।

पार्टीले लामो समयदेखि बेपत्ता रहेका व्यक्तिको मृत्यु भएको वा नभएको कानुनी रूपमा छिनोफानो गर्नुपर्ने बताएको छ । कानुनी अड्चन भए आवश्यक कानुन संशोधन गरेर भए पनि मृत्यु प्रमाणपत्र उपलब्ध गराउन तथा परिवारको सहमतिमा राहत, पुनर्निर्माण र पुनर्स्थापनाका काममा सरकारले सहजीकरण गर्नुपर्ने रास्वपाको भनाइ छ ।

बैठकमा मधेस प्रदेशको अधिवेशनसँग सम्बन्धित आन्तरिक समस्याबारे पनि छलफल भएको थियो ।

सहमहामन्त्री हरि ढकाल संयोजक रहेको समितिले अडिट रिपोर्ट पेस गरेको र विस्तृत रिपोर्ट अर्को साता बुझाउने जानकारी प्रवक्ता खरेलले दिए ।

त्यस्तै, पार्टीले अनुशासन आयोग र केही विभागमा नयाँ सदस्य मनोनयन गरेको छ । उपसभापति तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको भारत भ्रमणबाट प्राप्त उपलब्धिबारे पनि बैठकमा समीक्षा गरिएको थियो ।

बाढीपछि स्थगित भएका पार्टीका सबै औपचारिक तथा नियमित गतिविधि पुनः सञ्चालन गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

पार्टी सभापति रवि लामिछानेले सरकारका मन्त्री, निर्वाचित सांसद तथा पार्टी नेताहरूको आचरण सुधार गर्दै पार्टी र सरकारबीचको सम्बन्धलाई थप मजबुत बनाएर अघि बढ्न निर्देशन दिएका छन् ।

# स्विट्जरल्यान्डमा नेपाली आइटी कम्पनीको प्रविधि प्रदर्शनी



काठमाडौं- नेपाली आइटी कम्पनीहरूले स्विट्जरल्यान्डको बजारमा आफ्ना सेवा तथा प्रविधि समाधान प्रस्तुत गरेका छन् ।

ज्युरिखमा आयोजित टेक रोडशोमा नेपालका १८ वटा आइटी कम्पनीले आफ्ना सेवा, विशेषज्ञता र प्रविधिबारे प्रस्तुति दिएका हुन् । नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आइटी सर्भिसेस कम्पनीज् (नास-आइटी) को आयोजना तथा स्विस नेपाल चेम्बर अफ कमर्स (एसएनसीसी) को सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो ।

रोडशोमा सहभागी कम्पनीहरूले एआई, साइबर सुरक्षा, सफ्टवेयर तथा प्रडक्ट डेभलपमेन्ट, आइटी सर्भिसेस, बीपीओ, कस्टम वेब तथा एप्लिकेसन डेभलपमेन्ट, क्लाउड इन्फ्रास्ट्रक्चर र डेटा इन्जिनियरिङलगायतका क्षेत्रमा आफूले प्रदान गर्दै आएका सेवाबारे जानकारी दिएका थिए ।

कार्यक्रममा नेपाली आइटी उद्योग र स्विट्जरल्यान्डका व्यवसायीबीच सहकार्य, लगानी तथा अन्तर्राष्ट्रिय बजार विस्तारका सम्भावनाबारे छलफल भएको थियो । साथै, नेपालको आइसीटी क्षेत्र, दक्ष जनशक्ति र आइटी निर्यातको अवस्थाबारे पनि जानकारी आदानप्रदान गरिएको थियो ।

नास-आइटीका अध्यक्ष दिपेन चापागाईंले नेपाली आइटी कम्पनीहरूले अन्तर्राष्ट्रिय बजारमा आफ्नो सेवा विस्तार गर्नुपर्ने बताए । नेपाली कम्पनी र विदेशी व्यवसायबीच सहकार्यका अवसर खोज्न रोडशो आयोजना गरिएको उनको भनाइ थियो ।

स्विस नेपाल चेम्बर अफ कमर्सले नेपाल-स्विट्जरल्यान्ड व्यापार तथा प्रविधि सम्बन्धबारे जानकारी दिँदै नेपाली आइटी कम्पनी र स्विस व्यवसायबीच सहकार्यका सम्भावनाबारे छलफल गरेको थियो । नास-आइटीले नेपाली प्रविधि उद्योगको अन्तर्राष्ट्रिय बजार विस्तार गर्ने उद्देश्यले विभिन्न देशमा टेक रोडशो आयोजना गर्दै आएको जनाएको छ ।

# मधेसलाई जात, धर्म र भूगोलका नाममा विभाजित गर्न हुँदैन : अमरेश सिंह



काठमाडौं- सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंहले मधेसलाई जात, धर्म, भूगोल वा राजनीतिको नाममा विभाजित गरेर द्वन्द्वको मैदान बनाउन नहुने बताएका छन् ।

आइतबार जनकपुरमा पत्रकारहरूसँग कुराकानी गर्दै सिंहले अबको राजनीति समाजलाई जोड्ने, एकता कायम गर्ने र आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्ने बताए । उनले आफ्नो आगामी यात्रा एकता र समृद्धिको सन्देशसहित जनतासँग प्रत्यक्ष संवाद गर्ने उद्देश्यले अघि बढाउने बताए ।

सिंहले जनकपुरस्थित गंगासागरमा अर्घ दिएर जानकी मन्दिरको दर्शन गरेपछि झापाको भद्रपुरबाट मेची-महाकाली पैदल यात्रा सुरु गर्ने घोषणा गरेका छन् । उनका अनुसार यात्रा गाडी वा रथमा नभई पैदल हुनेछ ।

पदयात्राका क्रममा गाउँ-गाउँ र टोल-टोल पुगेर स्थानीयका समस्या सुन्ने तथा जनतासँग प्रत्यक्ष संवाद गर्ने उनको भनाइ छ । युवाको विदेश पलायन, वैदेशिक रोजगारी, किसान तथा मजदुरका समस्या, व्यापारीका समस्या र मधेसको अर्थतन्त्रका विषयमा स्थानीयसँग छलफल गर्ने उनले बताए ।

सीमावर्ती क्षेत्रका नागरिकका समस्या, सीमापार व्यापार, पारिवारिक तथा सामाजिक सम्बन्ध र सुरक्षाका विषयसमेत यात्राका क्रममा उठाउने सिंहले बताए ।

मधेसको विकासका लागि शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, शान्ति-सुरक्षा र सरसफाइलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ । उनले सरकारी विद्यालयको गुणस्तर सुधार तथा सरकारी अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्नुपर्ने बताए ।

सिंहले मधेसमा सरकारी मेडिकल, इन्जिनियरिङ तथा कृषि कलेज विस्तार गर्नुपर्नेमा जोड दिए । सडक तथा सिँचाइतर्फ हुलाकी राजमार्गको पूर्णता, पुल तथा पूर्वाधार निर्माण र खेतसम्म पर्याप्त सिँचाइ सुविधा पुऱ्याउनुपर्ने उनले बताए ।

उनले विकासका नाममा केवल भौतिक संरचना निर्माण गर्नेभन्दा स्थानीय आवश्यकता र वातावरणीय प्रभावलाई ध्यान दिएर योजना बनाउनुपर्ने बताए ।

मधेस आन्दोलनको उद्देश्य राजनीतिक नेतृत्व निर्माण वा संविधानमा केही विषय समेट्ने मात्र नभई आर्थिक विकास, राजनीतिक सहभागिता र समान अवसर सुनिश्चित गर्नु पनि रहेको सिंहको भनाइ छ । मधेसको वर्तमान अवस्थाका लागि काठमाडौंलाई मात्र दोष दिन नहुने भन्दै उनले मधेसका राजनीतिक नेतृत्व र स्थानीय तहले पनि आफ्ना कमजोरीको समीक्षा गर्नुपर्ने बताए ।

# सशस्त्रका सईको हत्याका अभियुक्तलाई प्रहरीले २२ महिनापछि गोली हानेर समायो

काठमाडौं । ड्युटीमा रहेका सशस्त्र प्रहरी नायब निरीक्षक (सई) लक्ष्मणप्रसाद यादवको हत्या गरेर फरार रहेका एक अभियुक्तलाई सिराहा प्रहरीले गोली हानेर पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुबनी जिल्लाको ललमनियाँ गाउँका ३७ वर्षीय मोहम्मद कुर्बान मंसुरी रहेका छन् । उनलाई असोज ३ गते साँझ करिब ७:१० बजे सिराहाको बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमाक्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ ।

प्रहरीका अनुसार २०८१ साल मंसिर १६ गते भारततर्फ टाटा सफारी गाडीमा ठूलो मात्रामा मदिरा तस्करी भइरहेको सूचनाका आधारमा प्रहरी टोलीले गाडी रोकेर जाँच गर्न खोजेको थियो । त्यसक्रममा डीएल ५ सीजे ७१७१ नम्बरको गाडीका चालक मंसुरीले ड्युटीमा रहेका सई यादवलाई ज्यान मार्ने उद्देश्यले गाडीले ठक्कर दिएर फरार भएका थिए । यादवको घटनास्थलमै मृत्यु भएको थियो ।

घटनापछि फरार रहेका मंसुरीलाई प्रहरीले करिब २२ महिनापछि पक्राउ गरेको हो । प्रहरीका अनुसार पक्राउ गर्ने क्रममा मंसुरीसहित तीन जनाले प्रहरी टोलीतर्फ एक राउन्ड गोली चलाएका थिए । त्यसपछि प्रहरीले जवाफी कारबाहीमा तीन राउन्ड गोली चलाउँदा मंसुरीको बायाँ हातको कुहिना र दाहिने खुट्टाको घुँडामा गोली लागेको थियो ।

गोली लागेका मंसुरीलाई प्रहरीले नियन्त्रणमा लिएर उपचारका लागि प्रादेशिक अस्पताल सिराहामा भर्ना गरेको छ ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ९,
२०८३ साल असोज ६ गते मंगलबार
22 SEPTEMBER 2026, TUESDAY

# कृष्णभिरको पहिरो दीर्घकालीन रूपमा रोक्न सुरुङ वा भायोडक्ट बनाउने तयारी



काठमाडौं- पृथ्वी राजमार्गअन्तर्गतको कृष्णभिरमा हुने पहिरो तथा सडक अवरोधको दीर्घकालीन समाधानका लागि सरकारले सुरुङ वा भायोडक्ट निर्माण गर्ने विकल्पमा प्राविधिक अध्ययन सुरु गरेको छ ।

सडक विभागका महानिर्देशक डा । विजय जैशीले सोमबार पूर्वाधार विकास समितिको बैठकमा कृष्णभिरको समस्या समाधानका लागि दुई विकल्पमा अध्ययन अघि बढाइएको जानकारी दिएका हुन् ।

उनका अनुसार कृष्णभिर क्षेत्रमा सुरुङ निर्माण गर्ने वा भिरको अगाडितर्फ भायोडक्ट निर्माण गरी सडक जोड्ने विकल्पमा अध्ययन भइरहेको छ । भायोडक्ट भने पिल्लरमाथि पुलजस्तो संरचना बनाएर सडक लैजाने प्रविधि हो ।

प्राविधिक अध्ययन सुरु भइसकेको र करिब दुई महिनाभित्र प्रतिवेदन तयार हुने जैशीले बताए । प्राविधिक प्रतिवेदन प्राप्त भएपछि निर्माणका लागि ठेक्का प्रक्रियामा जाने विभागको तयारी छ ।

'कृष्णभिरमा दीर्घकालीन समाधानका लागि भित्रबाट टनेल खन्ने अथवा अगाडितिर भायोडक्ट बनाएर जोड्ने गरी अध्ययन सुरु भइसकेको छ,' जैशीले समितिमा भने, 'दुई महिनाजतिमा प्राविधिक रिपोर्ट आउँछ । त्यसपछि हामी ठेक्कामा जान्छौँ ।'

कृष्णभिरमा पटक-पटक पहिरो जाँदा पृथ्वी राजमार्गमा यातायात प्रभावित हुँदै आएको छ । गत भदौ १० गतेको भोटेकोशी-रसुवा बाढीपछि साविक सडकको केही भागसमेत क्षतिग्रस्त भएको थियो । भदौ १४ गते कृष्णभिर खण्डको सडक भत्किएपछि यातायात सञ्चालनमा थप समस्या आएको थियो ।

तत्कालका लागि भत्किएको सडकको माथिल्लो भागबाट ट्र्याक खोलेर सवारीसाधन सञ्चालनको व्यवस्था मिलाएको छ । दीर्घकालीन समाधानका लागि विभागले वैकल्पिक सडक निर्माणको कामसमेत अघि बढाएको जनाएको छ ।

जैशीका अनुसार फिस्लिङ र बेनिघाटतर्फ पुल पारिपारि सडक लैजाने वैकल्पिक मार्ग निर्माणको काम पनि सुरु भइसकेको छ । फिस्लिङतर्फ करिब १ ।५ किलोमिटर भिर काट्ने काम भइरहेको उनले बताए ।

वैकल्पिक सडक निर्माण सम्पन्न भएपछि पृथ्वी राजमार्गको मुख्य खण्डमा समस्या आए पनि वैकल्पिक मार्गबाट यातायात सञ्चालन गर्न सकिने विभागको अपेक्षा छ ।

'साढे एक किलोमिटर फिस्लिङतिर भिर काट्ने काम सुरु भइसकेको छ,' जैशीले भने, 'यो भिर काटिसकेपछि राजमार्गमा धेरै दुःख दिए पनि छिटो यातायात सञ्चालन गर्न सकिने गरी काम भइरहेको छ ।'

## ...प्रधानमन्त्री आज

सालको प्रतिनिधिसभाको निर्वाचनमा अत्याधिक जनताको मतवाट निर्वाचित भई नेपालको प्रधानमन्त्री बनेका बालेन यतिवेला नेपालको प्रतिनिधित्व गर्दै विश्वको प्रमुख शक्तिशाली राष्ट्र अमेरिकामा हुने महासभामा नेपाल देशको तर्फवाट प्रतिनिधित्व गर्नेछन् ।

उक्त सभामा नेपालले भोग्नुपरेको जलवायु परिवर्तनको असर लगायत विषयमा नेपालीहरुले विश्वका शक्तिशाली राष्ट्रहरुले गरेका कार्बन उत्सर्जन त्यसवाट नेपाल जस्ता प्राकृतिक सम्पन्न जंगल मात्र ४४.६ प्रतिशत भएको नेपालमा कार्बन उत्सर्जन ० प्रतिशतमा रहेको देशले पटक पटक अन्य राष्ट्रले गरेका कार्बन उत्सर्जनको दण्ड नेपालले प्राकृतिक प्रकोपमार्फत भोग्नु परको जनधनको क्षतिको वारेमा विश्व समुदायलाई जानकारी गराउने गरी सम्बोधन गर्ने तयारी रहेको संकेत छ ।

संयुक्त राष्ट्रसंघको औपचारिक कार्यक्रम वाहेकमा सहभागी नहुने संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटरेससँग भेटवार्ता गरी स्वदेश फर्कने कार्यक्रम रहेको छ । नेपालका अन्य प्रधानमन्त्रीहरु अमेरिकाका राष्ट्रपतिले वा अन्य देशका राष्ट्रप्रमुखसँग भेट्ने गर्दथे । तर यतिवेलाका प्रधानमन्त्री बालेन शाह अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रपले आयोजना गरेको जलपानमा सहभागी भएर संयुक्त फोटो खिच्ने कार्यक्रममा सहभागी नहुने संकेत पाइएको छ । त्यसकारण फोटो खिच्न मात्र भारत नजाने अडान राखेका प्रधानमन्त्रीले अमेरिका जस्तो शक्तिशाली राष्ट्रसँगको भेटमा पनि काम वाहेक अन्य समय नदिने संकेत गर्नु भनेको नेपालीहरुको प्रतिनिधित्व गरेका प्रधानमन्त्रीले देखाएको यो समयप्रतिको महत्व आउँदा नेपाली पुस्ताका लागि उदाहरण बन्न सक्छ । जतिनै दुखः पीडा भएपनि नेपालीहरु जहिले पनि स्वाभिमानका साथ विश्वमा उभिन सक्छन भन्ने उदाहरण पुनः प्रधानमन्त्री बालेन शाहले उजागर गर्ने संकेत देखिएको छ ।

## ...अर्थमन्त्री

भेटवार्ता गरेका सोही दिन साँझ भारत व्यापार संवर्धन सङ्गठनका अध्यक्ष जावेद अशरफले आयोजना गरेको बृहत् भेटघाट कार्यक्रममा पनि अर्थमन्त्री सहभागी भएको, सोही दिन दिउँसो प्रवासी नेपालीहरूको एक प्रतिनिधिमण्डलसँग भेट गरेको, शनिबार बिहान संविधान दिवसका अवसरमा नेपाली राजदूतावासमा आयोजित कार्यक्रममा पनि सहभागी भई सहिदहरु तथा जेन्जी पुस्ताको आन्दोलनलाई सम्झना गरिएको, भारतीय उद्योग परिसङ्घले आयोजना गरेको प्रतिष्ठित औद्योगिक घरानाहरूसँगको सम्मेलनमा प्रमुख वक्ताका रूपमा नेपालको अर्थमन्त्रीको जिम्मेवारीमा सहभागिता जनाएको र शनिबार नै दिल्ली स्कुल अफ इकोनोमिक्सले आयोजना गरेको विकास अर्थनीतिबारेको प्राज्ञिक छलफलमा प्रमुख अतिथिका रूपमा सहभागी भई नेपाल र भारत बीचमा वान टु वान वार्ताहरु गरी आईतवार नेपाल फर्किनु भएको उनको सचिवालयले बताएको छ ।

## ...बाढीमा मृत्यु

छ । नवलपरासी पूर्वमा २३२, नवलपरासी पश्चिममा २२२, नुवाकोटमा २०३, रसुवामा १९९, गोरखामा ७२, धादिङमा ७२ तथा तनहुँमा ३८ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

खोजी तथा उद्धारका क्रममा हालसम्म १३ हजार ७८४ जनाको सकुशल उद्धार गरिएको प्राधिकरणले जनाएको छ ।

उद्धार कार्यमा नेपाली सेनाले हालसम्म १ हजार ६९२ वटा हवाई उडान तथा सशस्त्र प्रहरी बलले ३२० वटा हवाई उडान सम्पन्न गरेका छन् । प्राधिकरणका अनुसार बेपत्ताको खोजी तथा उद्धार कार्य अझै जारी रहेको छ ।



# भव्य उद्घाटनसँगै काठमाडौंमा सुरु भयो यामाहा ब्लू फेस्ट




काठमाडौं । यामाहाको "ब्लू फेस्ट", द बिगेस्ट एक्सचेन्ज मेला, काठमाडौंको भृकुटीमण्डपमा हिजोदेखि औपचारिक रूपमा सुरु भएको छ । असोज १० गतेसम्म सञ्चालन हुने मेलाको औपचारिक उद्घाटनसँगै एक्सचेन्ज अफर, फाइनान्सिङ सुविधा र लाइभ इन्टरटेनमेन्टका कार्यक्रमहरू सुरु भएका छन् । यामाहा नेपालको आधिकारिक वितरक एमएडब्लू राइड्स प्रालिको आयोजनामा भइरहेको मेला ६ दिनसम्म चल्नेछ ।

उद्घाटन कार्यक्रममा डिलर प्रतिनिधि, कम्पनीका अधिकारी तथा यामाहाप्रेमीहरूको उल्लेख्य सहभागिता रहेको थियो । उद्घाटनपछि आगन्तुकहरूले मेलास्थलमा प्रदर्शनीमा राखिएका यामाहाका अत्याधुनिक प्रविधियुक्त स्कुटर तथा मोटरसाइकलहरूको विस्तृत रेन्ज अवलोकन गर्न सक्नेछन् ।

मेला अवधिभर ग्राहकले आफ्ना पुराना दुईपांग्रे सवारीसाधन एक्सचेन्ज गर्न सक्नेछन् । यसका लागि ५० भन्दा बढी तालिमप्राप्त भ्यालुएटरको टोली परिचालन गरिएको छ जसले प्रत्येक सवारीसाधनको अधिकतम मूल्यांकन सुनिश्चित गर्नेछ । मेलामा "चंगा चेट" अभियानअन्तर्गत नयाँ यामाहामा अपग्रेड हुन प्रोत्साहन गर्नुका साथै योग्य एक्सचेन्जमा १० लाख रुपैयाँसम्मको क्यासब्याक अफर पनि उपलब्ध छ ।

सवारीसाधन खरिदलाई सहज बनाउन यामाहाले नागरिकताको आधारमा तत्काल फाइनान्सिङ सुविधा उपलब्ध गराएको छ । साथै, ४० महिनासम्मको कम ईएमआई योजनाको सुविधा पनि रहेको छ । मेला अवधिभर आयोजना हुने विभिन्न गतिविधिमार्फत आगन्तुकहरूले हाइटेक ग्याजेटहरू जित्ने अवसरसमेत पाउनेछन् ।

उद्घाटन समारोहमा बोल्दै एमएडब्लू राइड्स प्रालिका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक अग्रवालले भने, "ब्लू फेस्टको प्रत्येक संस्करणले नेपाली राइडरहरूका लागि एक्सचेन्ज र अपग्रेड किन महत्वपूर्ण हुन्छ भन्ने कुरा सम्झाउने गर्दछ । यो वर्ष "द बिगेस्ट एक्सचेन्ज मेला" मार्फत हामीले सवारीसाधनको मूल्यांकनदेखि फाइनान्सिङ र नयाँ यामाहा लिएर घर फर्किने क्षणसम्मको सम्पूर्ण प्रक्रियालाई सकेसम्म सहज र लाभदायक बनाउन चाहेका छौं ।"

खरिदको अनुभवसँगै मेलामा आगन्तुकका लागि टेस्ट राइडमा पुरस्कार जित्ने अवसर, राइडर, क्रिएटर तथा सेलिब्रेटीसँग मीट-एण्ड-ग्रीट सेसन प्रस्तुति पनि राखिएको छ । ६ दिनसम्म सञ्चालन हुने मेलामा विभिन्न डुअर प्राइज र निःशुल्क एसेसरिज पनि उपलब्ध हुनेछन् ।

"यामाहा ब्लू फेस्ट" काठमाडौंको भृकुटीमण्डपमा असोज १० गतेसम्म सञ्चालन हुनेछ । इच्छुक ग्राहकले मेलास्थलमा प्रत्यक्ष पुगेर जानकारी लिन सक्नेछन् । थप जानकारीका लागि यामाहा नेपालको एनटीसी नम्बर १६६००११११०४४ वा एनसेल नम्बर ९८०१३४५२४३ मा सम्पर्क गर्न सकिन्छ । डिलरशिपसम्बन्धी जानकारीका लागि ९८०१०१७३०० मा सम्पर्क गर्न सकिनेछ ।

## कमलादेवी माबिमा हाजिरी जवाफ सम्पन्न



रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वार्ड नं-५, नामाडीमा स्थापित कमलादेवी माबिले आयोजना गरेको हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

त्यसै गाउँपालिकाका अध्यक्षको प्रमुख आतिथ्यमा तथा वडा अध्यक्षहरुको उपस्थितीमा कार्यक्रम भएको हो ।

उक्त प्रतियोगितामा कमलादेवी माबि, भानुभक्त आबि, कालिकादेवी आबि, शिवालय आबिले भाग लिएका थिए ।

उक्त प्रतियोगितामा प्रथम कमलादेवी माबि, द्वितीय शिवालय आबि साथै तृतीय स्थानमा कालिकादेबी आबि भएको कमलादेबी माबिका अभिभावक केशर कार्कीले जानकारी दिएका हुन ।

## रामेछाप डायरी

# नेपाल औषधि व्यवसायी संघ रामेछापको अध्यक्षमा मदन भौकाजी




नेपाल औषधि व्यवसायी संघ रामेछापको अध्यक्षमा मदन भौकाजी चयन हुनुभएको छ । मन्थलीमा भएको छैठौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनबाट भौकाजी सर्वसम्मत अध्यक्षमा चयन हुनुभएको हो ।

संघको अन्य पदाधिकारीहरुमा उपाध्यक्ष मोहन कुमार श्रेष्ठ,महासचिव विक्रम कुमार श्रेष्ठ,कोषाध्यक्ष कोमल प्रसाद कोईराला र सदस्यमा अम्बर योन्जन चयन हुनभएको हो ।

संघका रामेछाप-दोलखा जिल्लाका अध्यक्ष जीवनकुमार श्रेष्ठको अध्यक्षता तथा मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल औषधि व्यवसायी संघ बाग्मती प्रदेशका अध्यक्ष ध्रुब नारायण श्रेष्ठको पनि उपस्थिती रहेको थियो ।

कार्यक्रममा दुई जिल्लाका औषधि व्यवसायी, संघका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नयाँ कार्यसमितिले जिल्लामा औषधि व्यवसायको व्यवस्थापन, व्यवसायीको हकहित तथा औषधिको गुणस्तरीय सेवा प्रवाहका क्षेत्रमा काम गर्ने छ ।

# रामेछाप अस्पतालमा सात विशेषज्ञ चिकित्सकबाट सेवा




रामेछाप अस्पताल रामेछापले विभिन्न विधाका सात जना विशेषज्ञ चिकित्सकमार्फत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ । अस्पतालमा विशेषज्ञ चिकित्सकको उपलब्धतासँगै जिल्लामै विभिन्न जटिल तथा विशेषज्ञ उपचार सेवा लिन सकिने अवस्था बनेको छ ।

अस्पतालका अनुसार हाल हाडजोर्नी तथा नशा रोग, स्त्री तथा प्रसूति रोग, जनरल फिजिसियन, मानसिक तथा नशा रोग र आकस्मिक तथा सामान्य चिकित्सा सेवातर्फ विशेषज्ञ चिकित्सकहरूले सेवा दिइरहेका छन् ।

अस्पतालमा डा. सागर जर्घामगर र डा. सुरोज हाकुदुवा ले हाडजोर्नी तथा नशा रोगसम्बन्धी विशेषज्ञ सेवा दिइरहेका छन् । त्यस्तै डा. कल्पना बज्राचार्य र डा. मुना के.सी. ले स्त्री तथा प्रसूति रोगसम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिरहेका छन् ।

त्यसैगरी डा. प्रकाश ढुंगेल ले जनरल फिजिसियनका रूपमा सेवा दिइरहेका छन् भने डा. बिजया सत्याल ले मानसिक तथा नशा रोगसम्बन्धी विशेषज्ञ सेवा दिइरहेकी छन् । डा. सौरभ कार्की ले एमडीजीपी तथा इमर्जेन्सी मेडिसिनसम्बन्धी सेवा प्रदान गरिरहेका छन् । विशेषज्ञ चिकित्सकहरूको उपस्थितिले सामान्य उपचारदेखि विशेषज्ञ परामर्श आवश्यक पर्ने बिरामीका लागि समेत जिल्लामै उपचारको पहुँच बढाएको अस्पतालले जनाएको छ । यसअघि विशेषज्ञ सेवा लिन जिल्ला बाहिर जानुपर्ने अवस्थाका बिरामीले स्थानीयस्तरमै परामर्श तथा उपचार सेवा पाउने अवसर बढेको छ ।

अस्पतालले उपलब्ध विशेषज्ञ चिकित्सक तथा उनीहरूले प्रदान गर्ने सेवाबारे जानकारी सार्वजनिक गर्दै आवश्यक स्वास्थ्य समस्या भएका नागरिकलाई उपलब्ध विशेषज्ञ सेवा उपयोग गर्न आग्रह गरेको छ ।

रामेछाप अस्पतालमा सात विधाका विशेषज्ञ चिकित्सकको सेवा उपलब्ध हुनु जिल्लाको स्वास्थ्य सेवाका लागि महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

## अन्तराष्ट्रिय

# पाकिस्तान र चीनबीचको नयाँ सीमा सम्झौताका कारण भारत किन क्रुद्ध बनेको छ ?

भारतले दशकौँदेखि आफ्नो दाबी गर्दै आएको पाकिस्तान र चीनबीचको सीमाना क्षेत्रलाई मान्यता दिन अस्वीकार गर्दै आएको छ ।

गत हप्ता भने पाकिस्तान र चीनले त्यसलाई संस्थागत गर्ने कदम चालेपछि दिल्लीले कडा प्रतिक्रिया जनायो ।

दुई देशले 'पाकिस्तान-चीन सीमा संयुक्त आयोग'लाई चलायमान बनाएका छन् । पाकिस्तानले यसलाई सीमा व्यवस्थापन, संयुक्त सर्वेक्षण, व्यापार र जनस्तरको सम्पर्कमा सहयोग अझ सुदृढ पार्ने "महत्त्वपूर्ण कोसे ढुङ्गा" का रूपमा व्याख्या गरेको छ ।

भारतले उक्त कदमको कुनै कानुनी आधार नभएको भन्दै त्यसलाई अस्वीकार गर्दै कडा प्रतिक्रिया जनाएको छ । उसले आफ्नो दाबी रहेको भूभाग समेट्ने कुनै पनि पाकिस्तान-चीन सीमानालाई मान्यता नदिने भनेको छ ।

यस घोषणा खास संवेदनशील समयमा आएको छ ।

हिमालय क्षेत्रको अधिकांश सीमा अन्तर्गत भारत र चीन आफ्नो विवादित रेखा 'लाइन अफ एक्चुअल कन्ट्रोल' (एलएसी) मा वर्षौंदेखि जारी सैन्य तनावपछि आपसी सम्बन्ध स्थिर बनाउने प्रयासमा छन् ।

सोही समयमा, बेइजिङ र इस्लामाबादले भारतले पनि आफ्नो दाबी गर्दै आएको खण्डमा सहकार्य बढाउँदैछन् ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भने, "पाकिस्तान र चीनबीच कुनै सीमाना छैन । हामी तथाकथित संयुक्त आयोगलाई अस्वीकार गर्छौं, जसको कुनै कानुनी आधार छैन ।"

स्रोतः बिबिसी नेपाली

भाग ५

# दिव्य साधना



## दामोदर ढकाल ‘ दीपक’

जब म मञ्चमा पुगेँ,सबैले गडगडाहट ताली बजाएर मलाई सम्मान गरे । कार्यक्रम सञ्चालकले जिज्ञासुहरूलाई जिज्ञासा राख्न अनुमति दिए ।

“ गुरुदेव , हजुरले घर छोड्नु भयो, मरिसकेको भनेर हजुरको काजकिरिया समेत गरे । तर तपाईंले विवाहचाहिँ किन नगर्नु भएको हो ?“

जिज्ञासुको प्रश्नमा मैले हल्का मुस्कान छरेर बोलेँ ।

-बिहे गर्न त मेरो पनि हजुरहरूको जस्तो घर चाहियो , मसँग छैन । अनि अर्को कुरा हजुरहरूले जस्तो मेहनत गरेर खेतीपाती र पशुपालन गर्नु पर्‍यो । त्यो मबाट असम्भव छ ।यी बिभित्र कारणले मैले विवाह नगरेको ।

मेरो उत्तर नसकिनासाथ अर्को जिज्ञासा आयो

“विभिन्न समस्याले बिहे त गर्नु भएन तर बिहे गरौँ गरौँ भन्ने रहर लाग्यो कि लागेन ? “

“ बिल्कुलै लागेन । किनकि मलाई गुरुको वाणी र ध्यानले नै जीवनको तृष्णा मेटिएको छ । म एउटा पात खाएर दिन बिताउन सक्छु । केही घन्टाको निद्राबाहेक ध्यानमा मग्न रहन्छु ।“ मैले जवाफ दिएँ ।

मैले जवाफ दिइसक्ना साथ फलानो आध्यात्मिक संस्थाका अध्यक्ष आइपुग्नु भएको छ ।उहाँलाई उच्च सम्मानसहित आसनग्रहणको निमित्त हार्दिक अनुरोध गर्दछौँ । कार्यक्रम सञ्चालकले अगाडिको रोहमा बस्न अनुरोध गर्‍यो । उसले पनि दुवै हात माथि उठाएर पूरा सानका साथ आसनग्रहण गर्‍यो । लाग्थ्यो त्यहाँ उसले सबै जितेको छ । मैले झट्ट हेरेँ उसले खुटामा छालाको जुत्ता, निधारमा टीका र गलामा गुरुहरू सबै मिलाएर बनाएको लकेट लगाएको थियो । मैले उसलाई देख्नासाथ सम्झिएँ ।

सञ्चालकले पुन: जिज्ञासा राख्न अनुमति दियो ।

जिज्ञासा आयो मासु खानु पाप कि धर्म ?

मैले उपस्थित सबैलाई हेरेर सोधेँ , “ हजुरहरू मध्ये कति जना माछामासु नखाने हुनुहुन्छ ? हात उठाइदिनु त ?

सात जनाले हात उठाए । मैले क्रमश : सात जनालाई नै प्रश्न गरेँ ।तपाईंले मासु नखानुको कारण भन्नुहोस् त ?

म व्यापार गर्ने मान्छे । एक समय व्यापारमा ठूलो घाटा सहनु पर्‍यो । त्यसपछि मैले खर्च घटाउन माछामासु नखाने निर्णय गरेर कन्ठी धारण गरेँ ।

मैले दोस्रो हात उठाउनेलाई त्यही प्रश्न गरेँ । मेरी आमा बित्नु भको थियो । आमा बितेपछि घरमा कान्छी आमा आउनु भयो । कान्छी आमा आएपछि मलाई मासुमा विभेद गर्न थाल्नु भयो । यो घटनाले म रोएँ र पछि गएर मासु नै नखाने निर्णय गरेर आजसम्म खाएको छैन ।

त्यही प्रश्नमा चौथोको जवाफ थियो । म ट्रेकिङ गइरहने म मदिरा नखाने तर मासुचाहिँ खाने । मदिरा खानेले बिस्तारै मासु खाँदै मदिरा खाने तर म मासु मात्र खाइदिने । उनीहरूले एक एक पिस खाँदा मैले किलो रित्याइदिएपछि उनीहरूले पछिपछि त मलाई छुट्टै भाग लगाएर दिने भए । मलाई थोरै मासुले नपुग्ने । अब साथी बाठा भए, छुट्टै मगाएर खाँदा मलाई धेरै पैसा लाग्ने हुनाले मासु खान छाडिदिएँ ।

पाँचौँ त्यही छालाको जुत्तावाला अध्यक्ष थियो । उसले जवाफ दियो मानव जातिलाई माया गरौँ र प्राणी मात्रलाई दया गरौँ भन्ने महान् नारालाई आत्मासात् गरेर मासु नखाएको र छाडेको जवाफ आयो ।

छैटौँ व्यक्तिको जवाफ थियो, आमा मरेपछि एकवर्ष मासु बारेँ । त्यसपछि किन किन मासु खाऊँ झैँ लाग्दैन र छाडिदिएँ ।

त्यसपछि अन्तिममा सानी नानी थरथर काम्दै बोलिन्, मलाई मासु खाँदा उल्टी भयो, हेर्न नि मनलाग्दैन , उनले यति भनेपछि पुन:सोधेँ । दूध, दही खानुहुन्छ कि खानुहुन्न ? खान्न । उनले जवाफ दिइन् । उनलाई मैले मञ्चमा बोलाएँ । जल मागेर उनका खुट्टा धोएँ र उनको खुट्टामा ढोगेँ । र सोधेँ,

तिम्रो घरमा मासु खाने को को हुनुहुन्छ ?

सबैजनाले खानु हुन्छ ?

अनि बुबाआमा, दाजु , दिदी पापी हुन जस्तो लाग्छ त मासु खाने भएर ?

लाग्दैन उनले जवाफ दिइन् ।

उपस्थित भिडबाट जवाफ आयो यो गाउँमा यी नानीका बुबाआमा सबैभन्दा समाजसेवी हुनुहुन्छ । उनीहरूलाई पापी भनियो भने त भन्ने मुख नै पापी हो ।

मैले नानीलाई काखमा बोकेर बोलेँ । यी नानी यो गाउँकै शुद्ध आत्मा हुन् । यिनलाई सबैले माया गर्नुहोला । सबैले ताली बजाए । कार्यक्रम सञ्चालकले जिज्ञासाको समय आजलाई सकिएको बतायो । छाला जुत्तावाला अध्यक्षले हात उठायो । सञ्चालकले भोलि बिहान सातबजेबाट साढे आठसम्म र तीन बजेदेखि साढे चारबजेसम्म जिज्ञासा राख्न पाइने र पर्सि बिहान ७ बजेबाट दिव्य साधक गुरुको प्रवचन सुनेर बिदा गर्ने जानकारी गरायो र अरू कार्यक्रम सुरु हुन थाल्यो ।

## सुसेली



### ढकाल शिखरनाथ बेलकोटे

छन्द: मन्द्राकान्त
समस्या : मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

प्यारा मोती शुभ-रससुधा काव्यका पुष्पहार ।
चम्की तारा चहक युगका दिव्यताका मुहार ।।
फुल्ने सारा कुसुम सुकिलो सभ्यतामा सपार्ने ।
मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

१
लेख्ने बोल्ने शुभवचनमा शुद्धभाषा सपारी
नेपालीको मनमुटु छुने काव्यमाला चिनारी ।
प्यारा स्रष्टा मन मगजमा साधनाले पुकार्ने ।
मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

२
भाषा नौलो परमुकको भावनाले सजाई ।
मेचीकाली खवर कविता काव्यमाला बनाई ।
प्रेमी स्रष्टा जति सुजन हुन् स्नेहले चाह गर्ने ।
मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

३
छापाखाना सहर पहिलो सिर्जनाको छपाई ।
गर्ने स्रष्टा शुभ हृदयका भावनाका उचाइ ।
बन्ने आँटी प्रबलमनका शिष्टताले सुधार्ने ।
मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

४
पाए उम्दा गुणसुरसका भानुको लेख भारी ।
सारा रामायण जतनले काव्यमाला चिनारी ।
छर्दै मोती चहक कविको सारमा नाम सार्ने ।
मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

५
स्रष्टा रामायण अमर ती भानुलाई चिनाए ।
भाषा मार्गी युग कवियुवा एक मोती उदाए ।
उम्दा स्रष्टा यस मुलुकमा सूक्ष्मआत्मा उतार्ने ।
मोती हाम्रा गजल कविता भाव शृङ्गार भर्ने ।

# रोशन तामाङको ‘बन्दुकको ट्रिगरभन्दा तिम्रो फिगर कडा’ सार्वजनिक

काठमाडौं । ‘बन्दुकको ट्रिगरभन्दा तिम्रो फिगर कडा’ बोलको गीत सार्वजनिक भएको केही समयमै विवादमा आएको छ । रोशन तामाङ युट्युब च्यानलबाट सार्वजनिक गरिएको उक्त गीतलाई लिएर सामाजिक सञ्जालमा विभिन्न प्रतिक्रिया आउन थालेका छन् ।

गीतको शब्द, भिडियोमा प्रस्तुत गरिएका दृश्य तथा त्यसमा समेटिएका विषयवस्तुलाई लिएर विवाद उत्पन्न भएको हो । विशेषगरी, केही समयअघि सामाजिक सञ्जालमा चर्चामा आएकी नविना सिलवाल ‘खुइली’ विवादमा आएकी थिइन् सोही बिषयलाई लिएर गीत विवादमा आएको बताइएको छ ।

गीत सार्वजनिक भएपछि सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले यसको विषयवस्तु र भिडियो प्रस्तुतिको शैलीबारे प्रश्न उठाएका छन् । यद्यपि, विवादको वास्तविक कारण, भिडियो निर्माणको उद्देश्य तथा यस विषयमा सम्बन्धित कलाकार र निर्माण पक्षको आधिकारिक धारणा भने स्पष्ट रूपमा सार्वजनिक भइसकेको छैन ।

‘बन्दुकको ट्रिगरभन्दा तिम्रो फिगर कडा’ बोलको गीतमा गायक रवि ओड र गायिका नविना सिलवाल ‘खुइली’को आवाज रहेको छ ।

गीतका शब्द तथा संगीत शंकर सिंह ठकुरीले तयार पारेका हुन् । गीतको एरेन्ज, मिक्सिङ तथा मास्टरिङको जिम्मेवारी बाबुल गिरीले सम्हालेका छन् । गीतको निर्देशन संगीत सागर बुर्जाले गरेका छन् ।

गीतको भिडियोमा रोशन तामाङ, नविना सिलवाल ‘खुइली’ र आरआर खड्काको अभिनय रहेको छ । गीतको निर्माण पक्षले मनोरञ्जनात्मक




प्रस्तुतिका रूपमा भिडियो सार्वजनिक गरेको भए पनि त्यसमा समेटिएका केही विषयवस्तुलाई लिएर दर्शक तथा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूबाट प्रतिक्रिया आउन थालेको देखिन्छ । नविना सिलवाल ‘खुइली’ केही समयअघि सामाजिक सञ्जालमा विभिन्न विषयलाई लिएर चर्चामा आएकी थिइन् । उनीसँग सम्बन्धित विषयलाई गीतको भिडियोमा समेत प्रस्तुत गरिएको भनिएपछि गीत विवादमा तानिएको हो ।

गीतको भिडियोमा वास्तविक घटनासँग सम्बन्धित विषयवस्तु समेटिएको हो वा मनोरञ्जनका लागि काल्पनिक रूपमा प्रस्तुत गरिएको हो भन्ने विषयमा स्पष्टता आवश्यक देखिएको छ । यस गीतको हकमा पनि विवादको मुख्य कारण के हो भन्नेबारे निर्माण पक्षको आधिकारिक प्रतिक्रिया आएपछि मात्र थप स्पष्ट हुने देखिन्छ । ‘

बन्दुकको ट्रिगरभन्दा तिम्रो फिगर कडा’ गीतको विवादले नेपाली म्युजिक भिडियोमा चर्चित सामाजिक विषयवस्तुको प्रयोग, कलाकारको प्रस्तुति र मनोरञ्जनका नाममा गरिने दृश्य निर्माणबारे बहस सिर्जना गरेको छ ।

# ‘चमेलीको पोइ’को ट्रेलरमा प्रेम, वियोग र झगडा



काठमाडौं- एभरेष्ट सूर्य बोहराको निर्देशनमा बनेको फिल्म ‘चमेलीको पोइ’को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक झन्डै चार मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्तमा प्रकाश पारेको छ । मुस्ताङको सेटिङमा फिल्मले चार पात्रको कथा पेस गरेको छ, जहाँ प्रेम, वियोग र झगडालाई समेटिएको छ ।

ट्रेलर पूर्णतः कमेडीप्रधान छ । सुरक्षा पन्तलाई मन पराउने तीन युवा र त्यसक्रममा आउने घटनाक्रमलाई ट्रेलरमा हास्य शैलीमा देखाइएको छ । कडा स्वभावकी सुरक्षाले पुरुष पात्रहरूसँग गरेका कुटपिट र झगडाका दृश्य दर्शकलाई रोचक लाग्न सक्छ । ट्रेलरले सुरक्षा र मुकुन भुसाल फिल्ममा श्रीमान्-श्रीमती रहेको खुलासा समेत गर्छ ।

असोज १६ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा मुकुन र सुरक्षासहित विल्सन विक्रम राई, उमेश राई (फुलन्देकी आमा), रवीन्द्र झा, गणेश गौतम, अंशु महर्जन, बविन राई, प्रेम देव गिरी, खड्गबहादुर पुनलगायतका कलाकारहरूको अभिनय रहेको छ । ‘प्रेम चरो’को रूपमा परिचित नारायण त्रिपाठीले यही फिल्मबाट दुई दशकपछि अभिनयमा पुनरागमन गरेका छन् ।

धनलक्ष्मी सिने मेकर्सको प्रस्तुतिमा निर्माण भएको फिल्मका निर्मातामा सुनिता सापकोटा र राम नारायण उपाध्याय रहेका छन् भने उदय विक्रम राणा, रितु मल्ल कुँवर, सुमित्रा थापा र कपिल आचार्य कार्यकारी निर्मातामा छन् । फिल्ममा बन्दे प्रसादको सम्पादन, एभरेष्ट सूर्य बोहरा र शिवम् अधिकारीको लेखन, सहास शाक्यको पाश्र्व ध्वनी तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको छ ।

# ‘टनेल २६’ असोज २३ मा, क्रिएटिभ प्रोड्युसरमा प्रदीप

नेपाल, भुटान र भारतको सहकार्यमा निर्माण भएको जम्बी हरर फिल्म ‘टनेल २६ : द कर्स बिनिथ द माउन्टेन’ दशैंको छेको पारेर असोज २३ गते (९ अक्टोबर)बाट प्रदर्शनमा आउने भएको छ । शनिबार एक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मितिबारे जानकारी गराइएको हो । उक्त मितिमा नेपाल र भुटानका हलमा फिल्म एकसाथ रिलिज हुने जनाइएको छ ।

फिल्मको सार्वजनिक पोस्टरमा टनेलभित्रको दृश्य देखाइएको छ, जहाँ दुई व्यक्ति हिँडिरहेका देखिन्छन् । यसले फिल्मको कथा टनेलभित्र हुने घटनाक्रममा आधारित रहेको संकेत गर्छ । फिल्मको यसअघि नेपाली र भुटानी भाषामा टिजर सार्वजनिक भइसकेको छ, जसमा नेपाली कलाकारहरू अनुप विक्रम शाही र आना शर्मा देखिएका छन् ।

डीडी किन्लेले लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा अनुप र आनासहित सांगे सेल्ट्रिम, रोशिनी दादा, निदुप दोर्जी, फुन्त्सोक धोन्डेन, डेकी लामो, जामयाङ तेन्पा, फुन्त्सो, किनराब, चेन्चो लामा, केजाङ काजलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा प्रदीप खड्काले पनि विशेष भूमिकामा अभिनय गरेका छन् । उनी फिल्मका क्रिएटिभ प्रोड्युसर समेत हुन् ।

संगय छेल्ट्रिम फिल्म्स र पिक एक्सभी स्टुडियोजको ब्यानरमा निर्माण गरेको फिल्ममा नेपालका दीर्घ गुरुङ र भुटानका सांगे टी तेन्जिङको डीओपी, डीडी किन्लेको सम्पादन, तेर्डसाक जानपानको ब्याकग्राउन्ड म्युजिक तथा राजु तामाङको द्वन्द्व निर्देशन रहेको छ ।

फिल्मको छायांकन भुटानमा भएको हो भने पोस्ट प्रोडक्सनको काम थाइल्याण्डमा भइरहेको छ ।

# निखिलको ‘आचार्य’ ट्रेलरबारे के भन्छन् दर्शक ?

पछिल्लो समय नेपालमा पारिवारिक फिल्मको बाढी नै आएको छ । ‘पूर्णबहादुरको सारङ्गी’, ‘आ बाट आमा’, ‘परान’ र ‘गौँथली’ जस्ता फिल्म सफल भएपछि यही शैलीका फिल्महरू बढी निर्माण भइरहेका छन् । यस्तोमा अभिनेता निखिल उप्रेती भने एक्सन फिल्म लिएर आएका छन् । उनको अभिनय तथा निर्देशन रहेको फिल्म ‘आचार्य’ असोज ९ गतेबाट प्रदर्शनमा आउँदैछ ।

फिल्म प्रदर्शनका लागि अब ४ दिन बाँकी रहँदा शनिबार ट्रेलर सार्वजनिक गरिएको छ । साढे तीन मिनेट लामो ट्रेलरमा निखिललाई एक्सन अवतारमा देख्न सकिन्छ । अपहरणमा परेकी युवतीलाई मुक्त गराउने क्रममा आचार्य पात्रले सामना गर्ने चुनौतीलाई ट्रेलरमा देखाइएको छ । फरक शैलीको एक्सन र सशक्त ब्याकग्राउन्ड स्कोरले ट्रेलरलाई ‘पावर प्याक्ड’ बनाएको छ ।

ट्रेलर सार्वजनिक भएसँगै फिल्मलाई लिएर दर्शकमा उत्साह देखिएको छ । युट्युबमा रिलिज भएको करिब २४ घन्टामै ट्रेलरलाई साढे ६ लाखभन्दा बढीले हेरिसकेका छन् भने दर्शकहरूको प्रतिक्रिया पनि उत्साहजनक छ । प्राय:ले नेपाली एक्सन फिल्ममा अहिलेसम्मकै उत्कृष्ट ट्रेलर भनेका छन् । ट्रेलरकै आधारमा फिल्म ब्लकबस्टर हुने दाबी समेत गरिएको छ ।

निखिल उप्रेती प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा निखिलसहित सजिना श्रेष्ठ, प्रमोद अग्रहरी, ध्रुव कोइराला, सञ्जय गुप्ता, ध्रुव कोइराला, सरिता ज्ञवाली, सुरेश कोहली, भारतीय कलाकारहरू दीपराज राणा, रघु बाबु, रघू कारुमन्चीलगायतका कलाकारहरूको अभिनय रहेको छ । यही फिल्मबाट पूर्णिका सिंजापतिले अभिनेत्रीको रूपमा डेब्यू गरेकी छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ९,
२०८३ साल असोज ६ गते मंगलबार
22 SEPTEMBER 2026, TUESDAY

# विराट एक्स्पो २०२६ को मुख्य प्रायोजकमा एक्स्ट्रिम इनर्जी ड्रिंक




काठमाडौं । विराट एक्स्पो २०२६ को मुख्य प्रायोजकका रूपमा एक्स्ट्रिम इनर्जी ड्रिंक रहने भएको छ । यससम्बन्धी औपचारिक सम्झौता एक्स्ट्रिम इनर्जी ड्रिंक्स र उद्योग संगठन मोरङबीच विराटनगरमा भएको छ ।

सम्झौतासँगै म्याक्स टाइगर इनर्जी ड्रिंक 'इनर्जी पार्टनर' तथा वामवाम हाइड्रेसन ड्रिंक 'हाइड्रेसन पार्टनर'का रूपमा विराट एक्स्पोसँग जोडिएका छन् ।

आगामी पुस २ देखि ११ गतेसम्म विराटनगरमा आयोजना हुने विराट एक्स्पोको यो नवौं संस्करण हो । उद्योग संगठन मोरङले करिब तीन दशकदेखि आयोजना गर्दै आएको एक्स्पो पूर्वी नेपालको महत्वपूर्ण औद्योगिक तथा व्यापारिक प्रदर्शनीका रूपमा स्थापित छ ।

यस वर्षको एक्स्पोलाई परम्परागत प्रदर्शनीभन्दा फराकिलो बनाउँदै लर्न एण्ड वर्क, बिल्ड, कनेक्ट, इन्फ्लुएन्स, व्यापार विस्तार तथा मनोरञ्जनलगायतका गतिविधिसँग जोडिने आयोजकले जनाएको छ । एक्स्पोमा उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, विद्यार्थी, युवा तथा नीति निर्माताको सहभागिता रहनेछ भने २ लाख ५० हजारभन्दा बढी आगन्तुक आउने अपेक्षा गरिएको छ ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले एक्स्ट्रिम इनर्जी ड्रिंकसँगको सहकार्यले एक्स्पोको प्रभाव र पहुँच थप विस्तार हुने बताउनुभयो । एक्स्पो उत्पादन तथा सेवाको प्रदर्शनसँगै उद्योग, व्यापार, उद्यमशीलता, लगानी, रोजगारी र नयाँ अवसर जोड्ने साझा मञ्च भएको उहाँको भनाइ छ ।

एक्स्पो संयोजक विपिन काबराले मुख्य प्रायोजकका रूपमा एक्स्ट्रिम इनर्जी ड्रिंकको सहभागिताले एक्स्पोमा थप ऊर्जा र आकर्षण थप्ने बताउनुभयो । एक्स्ट्रिम इनर्जी ड्रिंकको व्यापार प्रमुख सोनिया राणाले पनि साझेदारीलाई प्रभावकारी र अर्थपूर्ण बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आयोजकका अनुसार विराट एक्स्पो २०२६ ले उद्योग, व्यापार, प्रविधि, लगानी, उद्यमशीलता र नयाँ पुस्ताका अवसरलाई एउटै मञ्चमा जोड्ने लक्ष्य लिएको छ ।

# प्रभु बैंकद्वारा "प्रभु प्रवासी समृद्धि घरकर्जा योजना २०८३/८४" सार्वजनिक




प्रभु बैंक लिमिटेडले विदेशमा रही काम गरिरहेका तथा विदेशमा बसोबास गर्ने नेपाली नागरिकलाई लक्षित गर्दै "प्रभु प्रवासी समृद्धि घर कर्जा योजना २०८३/८४" सार्वजनिक गरेको छ । यस योजनामार्फत प्रवासी नेपालीलाई आफ्नो घर तथा जग्गा खरिदसम्बन्धी आवश्यकताका लागि सहज, प्रतिस्पर्धी तथा सुविधाजनक कर्जा सुविधा उपलब्ध गराउने बैंकको उद्देश्य रहेको छ ।

नेपालको अर्थतन्त्रमा विप्रेषण (Remittance) को महत्वपूर्ण योगदान रहँदै आएको छ । विप्रेषणले विदेशी मुद्रा आर्जन, घरपरिवारको आय तथा बैंकिङ प्रणालीमा तरलता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । प्रभु बैंकले आफ्नो स्थापनाकालदेखि नै विप्रेषण कारोबारलाई प्राथमिकता दिँदै आएको छ भने विप्रेषणमार्फत प्राप्त रकमलाई बैंकिङ प्रणालीमा परिचालन गरी निक्षेप विस्तार तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न निरन्तर पहल गर्दै आएको छ ।

प्रवासी नेपालीबाट प्राप्त विप्रेषणलाई बैंकिङ प्रणालीमार्फत थप प्रभावकारी रूपमा परिचालन गर्दै उनीहरूको दीर्घकालीन वित्तीय आवश्यकता पूरा गर्ने उद्देश्यले यो योजना ल्याइएको हो । योजनाले प्रवासी नेपालीलाई घर तथा जग्गा खरिदका लागि आवश्यक वित्तीय स्रोतमा सहज पहुँच प्रदान गर्नुका साथै बैंकसँग दीर्घकालीन बैंकिङ सम्बन्ध विस्तार गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस योजना अन्तर्गत घर कर्जा (Home Loan) का लागि अधिकतम सिमा रु. ३ करोड सम्मका लागी कर्जाको अवधि अधिकतम २५ वर्ष सम्म रहनेगरी कर्जाको सेवा शुल्क मात्र ०.५०% तथा ब्याजदर औसत आधार दर (Average Base Rate) मा थप ०.५०% प्रतिवर्ष मात्र कायम गरिएको छ भने यस सुविधा देशभरीका ३०० वटा शाखा मार्फत उपलब्ध गराईने छ । यस योजना अन्तर्गत घर तथा अपार्टमेन्ट खरिद, घर निर्माण तथा मर्मत साथै जग्गा खरिद गर्न चाहने ग्राहकहरूलाई सहज र सरल रुपमा वित्तीय पहुँच उपलब्ध गराईने छ । साथै यस योजनामा ग्राहकहरुले बढीमा २ जना सन्तानका लागि नेपाल वा विदेशमा अध्ययन गर्न औसत आधार दर (Average Base Rate) मा थप १% प्रतिवर्ष ब्याजदरमा शैक्षिक कर्जा सुविधा तथा कर्जा प्रशासनिक शुल्कमा ५०% छुट गरिएको छ, साथसाथै, पहिलो वर्ष निःशुल्क डेबिट कार्ड तथा मोबाइल बैंकिङ उपलब्ध गराइएको छ ।

यस योजनाले विदेशमा कार्यरत तथा बसोबास गर्ने नेपाली नागरिकलाई आफ्नो तथा परिवारको भविष्यका लागि आवासीय सम्पत्ति निर्माण/खरिद गर्न आवश्यक वित्तीय सहयोग उपलब्ध गराउने विश्वास बैंकले लिएको छ । साथै, प्रवासी नेपालीबाट बैंकिङ प्रणालीमा आउने विप्रेषणलाई औपचारिक माध्यमबाट परिचालन गर्दै निक्षेप अभिवृद्धि, उत्पादनशील कर्जा प्रवाह तथा दीर्घकालीन ग्राहक सम्बन्ध विस्तारमा समेत योगदान पुऱ्याउने बैंकको अपेक्षा रहेको छ ।

# सामसङ नेपालको दसैं-तिहार अफर : दैनिक ३१ र साप्ताहिक ८ जनाले उपहार जित्ने




काठमाडौं- सामसङ नेपालले दसैं-तिहारको अवसरमा आफ्ना टिभी तथा होम अप्लायन्समा 'स्मार्ट अपग्रेड घरमा, लक्की सरप्राइज चाडमा' अफर सार्वजनिक गरेको छ ।

सेप्टेम्बर २० देखि नोभेम्बर १६, २०२६ सम्म सञ्चालन हुने अफरअन्तर्गत ग्राहकले सामसङका टिभी, रेफ्रिजेरेटर, वासिङ मेसिन वा एसी खरिद गर्दा दैनिक तथा साप्ताहिक लक्की ड्रमा सहभागी भई उपहार तथा थप क्यासब्याक प्राप्त गर्न सक्नेछन् ।

अफरअन्तर्गत दैनिक ३१ जना विजेता छनोट गरिनेछ । दैनिक विजेताले सामसङको ९ केजी फ्रन्टलोड वासिङ मेसिन वा ५५ इन्च यूएचडी टिभीमध्ये एक उपहार जित्ने अवसर पाउनेछन् । यस्तै, साप्ताहिक ८ जना विजेताले सामसङ एसी जित्ने मौका पाउनेछन् ।

लक्की ड्रमा सहभागी हुन खरिद गरिएको उपकरणको पछाडि रहेको स्टिकरमा उल्लेखित १४ अंकको सिरियल नम्बर प्रयोग गरी 'साम्सुङ स्पेस १४ अंकको सिरियल नम्बर' लेखेर ३७२७३ मा एसएमएस पठाउनुपर्नेछ । एसएमएस पठाएपछि ग्राहकले तत्कालै पुष्टिको सन्देश प्राप्त गर्नेछन् ।

लक्की ड्रका विजेताको घोषणा प्रत्येक बुधबार इमेज च्यानलको ' म्युजिक अफ योर च्वाइस' कार्यक्रममा गरिनेछ । विजेताको सूची स्मार्ट प्लाजा र बिग डिजिटलका फेसबुक पेजमा समेत सार्वजनिक गरिने कम्पनीले जनाएको छ । अफरमा लक्की ड्रसँगै छनोट गरिएका उत्पादनमा थप क्यासब्याक र उपहारको व्यवस्था गरिएको छ । टिभीमा २६ प्रतिशतसम्म क्यासब्याक, निःशुल्क साउन्डबार तथा छनोट गरिएका मोडलमा १२ महिनासम्म निःशुल्क नेटटीभी प्याकेज उपलब्ध हुनेछ ।

त्यस्तै, रेफ्रिजेरेटरमा २१ प्रतिशतसम्म क्यासब्याक र ५ हजार रुपैयाँसम्म एक्सचेन्ज बोनस तथा वासिङ मेसिनमा १८ प्रतिशतसम्म क्यासब्याक र ३ हजार रुपैयाँसम्म एक्सचेन्ज बोनस उपलब्ध हुनेछ । छनोट गरिएका वासिङ मेसिन मोडलमा ६ केजी सर्फ एक्सेल म्याटिक डिटर्जेन्टसमेत निःशुल्क पाइनेछ ।

ग्राहकले हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडद्वारा सञ्चालित सामसङ इन्स्टा फाइनान्समार्फत १२ वा २४ महिनाको ईएमआई योजनामा उपकरण खरिद गर्न सक्नेछन् ।

# एभरेष्ट बैंकको नयाँ भवन धनगढीमा

काठमाडौं । एभरेष्ट बैंकले आफ्नो शाखा विस्तारको क्रममा मिति २०८३ साल असोज ५ गते सुदूरपश्चिम प्रदेशको कैलाली जिल्ला अन्तर्गत धनगढी उपमहानगरपालिका वडा नं ८ क्याम्पस चोकमा मा आफ्नो १३४औं शाखा विस्तार तथा सुदूरपश्चिम प्रदेशमा आफ्नो नयाँ भवनको समेत उद्घाटन गरेको छ । साथै बैंकले आफ्नो सुदूरपश्चिम प्रदेशको प्रादेशिक कार्यालय समेत हालको स्थानबाट स्थानान्तरण गरी सम्पूर्ण सेवाहरु सोहि भवनबाट प्रदान गर्ने व्यहोरा जनाएको छ । यो शाखासँगै सुदूरपश्चिम प्रदेशमा बैंकको शाखा संख्या १५ पुगेको छ । धनगढी उद्योग बाणिज्य संघका अध्यक्ष पुष्कर ओझा र बैंकका संचालक समितिका अध्यक्ष डा. बाल गोपाल वैद्यबाट संयुक्त रुपमा उद्घाटित सो समारोहमा, धनगढी उपमहानगरपालिका वडा नं ८ का वडा अध्यक्ष जुगराम चौधरी, बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, बैंकका सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख यज्ञ राज तिमिल्सिना, विभिन्न उद्योग व्यवसायीहरु तथा बैंकका अन्य कर्मचारीहरु लगायत स्थानीयवासीको उत्साहजनक उपस्थिती रहेको थियो ।



# आगजनीबाट क्षतिग्रस्त भाटभटेनीको टंगाल स्टोर पुनः सञ्चालनमा




काठमाडौं । जेनजी आन्दोलनका क्रममा भदौ २४ गते आगजनीबाट क्षतिग्रस्त भएको भाटभटेनी सुपर मार्केटको टंगाल स्टोर पुनः सञ्चालनमा आएको छ ।

सोमबार बिहानदेखि स्टोर सञ्चालनमा आएको हो । औपचारिक रूपमा भने बिहान १० बजेदेखि ग्राहकका लागि खुला गरिएको कम्पनीले जनाएको छ । स्टोर पुनः सञ्चालनको अवसरमा भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङ पनि टंगाल पुगेका थिए ।

आन्दोलनका क्रममा प्रदर्शनकारीले आगजनी गरेपछि स्टोरमा ठूलो भौतिक क्षति भएको थियो । पुनर्निर्माण सम्पन्न भएपछि स्टोरलाई पुनः सञ्चालनमा ल्याइएको हो ।

कम्पनीका अनुसार आन्दोलनका क्रममा आगजनीबाट क्षतिग्रस्त भएका १२ स्टोरमध्ये टंगालसहित १० वटा स्टोर पुनः सञ्चालनमा आइसकेका छन् । दमक र हेटौंडास्थित स्टोरको पुनर्निर्माण पनि अन्तिम चरणमा पुगेको र ती स्टोरसमेत छिट्टै सञ्चालनमा ल्याउने तयारी भइरहेको कम्पनीले जनाएको छ । अध्यक्ष तथा प्रबन्ध निर्देशक गुरुङले कठिन परिस्थितिका बीच पुनर्निर्माणमा सहयोग गर्ने ग्राहक, कर्मचारी, सहयोगी संस्था तथा शुभेच्छुकप्रति आभार व्यक्त गरेका छन् ।

'मनमा पीडा थियो, आँखामा आँसु थियो, आँखै अगाडिका स्टोरमा आगो बलिरहेका थिए । तर पनि हामीले राज्यप्रतिको दायित्व बिर्सिएनौं,' गुरुङले भनेका छन्, 'हामी एउटा निष्कर्षमा पुग्यौं- खरानीबाट फेरि उठ्नेछौं ।'

आन्दोलनका क्रममा ठूलो भौतिक क्षति भए पनि कम्पनीले आफ्ना १० हजारभन्दा बढी कर्मचारीको रोजगारीलाई निरन्तरता दिएको जनाएको छ । कठिन अवस्थामा समेत कर्मचारीलाई सेवाबाट अलग नगरेको र गत वर्षको दसैं बोनससमेत कटौती नगरी रोजगारीलाई निरन्तरता दिएको गुरुङले बताएका छन् ।

पुनर्निर्माणका क्रममा चौबीसै घण्टा खटिएका कर्मचारी तथा सहयोगीहरूप्रति पनि कम्पनीले धन्यवाद व्यक्त गरेको छ ।

टंगाल स्टोर पुनः सञ्चालनमा आएसँगै ग्राहकलाई नियमित रूपमा आवश्यक वस्तु तथा सेवा उपलब्ध गराउने कम्पनीले जनाएको छ । साथै, आगामी दिनमा आधुनिक सुविधा, गुणस्तरीय सेवा र सहज किनमेलको वातावरण उपलब्ध गराउने प्रतिबद्धता पनि कम्पनीले दोहोऱ्याएको छ ।

## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार